# टीकापुर नगरपालिका

## टीकापुर, कैलाली



# स्थानीय आर्थिक विकास योजना र रणनीति

## २०८१

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदुरपश्चिम प्रदेश, नेपाल



## *शुभकामना मन्तव्य*

टीकापुर नगरपालिकाले नगर बृहत् योजना, २०७७ निर्माण गरी कार्यान्वयन गरिरहेको छ । बृहत् योजनामा आर्थिक विकास, सामाजिक विकास, वन, वातावरण र विपद् व्यवस्थापन, संस्थागत विकास र सुशासन जस्ता प्रमुख क्षेत्र र उपक्षेत्रका योजना समावेश छन् । सबै क्षेत्रको योजनामा पहिलो दुई आर्थिक वर्षका अल्पकालीन प्राथमिकता निर्धारण गरिएकोमा सो भइसकेको छ । त्यसैले नगर बृहत् योजना अन्तंगत सबै क्षेत्रका प्रार्थामकता कार्यान्वयनको समिक्षा र परिमार्जनलाई प्राथमिकतामा राखिएको छ । परिमार्जनको कार्यलाई आर्थिक विकास खण्डबाट शुरु गरिएको छ । कोभिड १९ का कारण अर्थतन्त्रमा परेको प्रभाव, विभिन्न आन्तरिक र वाह्य कारणले राष्ट्रिय र स्थानीय अर्थतन्त्रमा परेको प्रभाव, टीकापुरमा लगानी आकर्षित गर्नका लागि आर्थिक विकासका प्राथमिकता थप स्पष्ट गरिनुपर्ने बारे निजी क्षेत्र लगायतका सरोकारवालाबाट प्राप्त सुझाव तथा पूर्वाधार विकास लगायत अन्य क्षेत्रका कार्यक्रम तय गर्दा विकासको प्राथमिकता अनुसार गरिनुपर्ने आवश्यकता र सबै क्षेत्रको योजना एकसाथ परिमार्जनका लागि स्रोत र समयको सीमितता जस्ता कारणले पहिलो चरणमा नगर आर्थिक विकास योजना परिमार्जन गरिएको छ ।

यस सँगै नगर बृहत् योजना २०७७ मा उल्लेखित र यस संस्करणमा समावेश आर्थिक विकास क्षेत्रको लक्ष्य, नीति, रणनीति तथा आवधिक प्राथमिकता फरक हुने भएकोले परिवर्तित हदसम्म यो संस्करण अनुसारको योजना लागु हुनेछ । बृहत् योजनाको सम्पूर्ण खण्ड परिमार्जनका क्रममा आर्थिक विकास खण्डमा गरिएको परिमार्जन पनि समावेश गरी एकीकरण गरिने छ । आर्थिक विकास योजना परिमार्जनसँगै आर्थिक विकासमा स्थानीय सरकार र निजी क्षेत्रको सहकार्य बढाउन सहयोग पुगोस् भन्ने उद्देश्यले नगरपालिकाले स्थानीय आर्थिक विकास रणनीति, २०८१ पनि तयार गरेको छ । आर्थिक विकास रणनीतिमा मूलतः कृषि, पर्यटन र उद्योग क्षेत्रको रणनीतिक प्राथमिकता समावेश गरिएको छ। रणनीति स्थानीय आर्थिक विकास योजनाको अभिन्न भागका रुपमा रहने छ ।

नगर बृहत् योजना तर्जुमाका बेला घरधुरी सर्वेक्षण गरी नगर पार्श्वचित्र तयार गरिएको थियो भने क्षेत्रगत प्राथमिकता निर्धारणका लागि वडागत रुपमा समूह केन्द्रित छलफल तथा विभिन्न चरणमा नागरिक सहभागिताका विधि अवलम्वन गरिएको थियो । योजनाको आर्थिक विकास खण्ड परिमार्जनका क्रममा योजना तर्जुमाका क्रममा अवलम्बन गरिएका सबै प्रक्रिया पूरा गर्न नसकिएता पनि टीकापुर उद्योग वाणिज्य संघ लगायत निजी क्षेत्रका सरोकारवालासँगको छलफल, योजना कार्यान्वयनको सहभागितामूलक समिक्षा अभ्यास तथा परिमार्जित मस्यौदामाथि नागरिक परामर्श जस्ता विधि मार्फत योजना परिमार्जनलाई पनि अधिकतम सहभागितामूलक बनाउने प्रयास गरिएको छ ।

टीकापुर नगरपालिकाको आर्थिक विकास योजना परिमार्जन तथा आर्थिक विकास रणनीति तयारीको क्रममा नगर कार्यपालिकाको तर्फबाट संयोजनकारी भूमिका निर्वाह गर्ने आर्थिक विकास समिति र आर्थिक विकास शाखाको भूमिका उल्लेखनीय छ । यस कार्यका लागि प्राविधिक सहयोग उपलब्ध गराउने कमिटेड नेपाल र द एसिया फाउण्डेशनप्रति विशेष आभार व्यक्त गर्दछु । साथै यो प्रक्रियाको प्रशासनिक नेतृत्व गर्ने प्रमुख प्रशासकीय अधिकृत दमनसिंह चौधरी, नगर कार्यपालिकाका सदस्यहरु, विषयगत शाखा तथा विभिन्न क्षेत्रका सरोकारवालाहरू लगायत सबैप्रति आभार एवं धन्यवाद व्यक्त गर्दछु ।

........................

(रामलाल डगौरा थारु)

*नगर प्रमुख*

# विषय सूची

खण्ड एक : टीकापुर नगरपालिकाको आर्थिक विकास योजना १-२८
१. परिचय १
२. मुख्य अवसरहरू १
३. चुनौतीहरू २
४. आर्थिक विकासका क्षेत्र २
४.१. सीप तथा रोजगारी २
४.२. कृषि तथा पशुपालन ६
४.३. पर्यटन १२
४.४. उद्योग र वाणिज्य १६
४.५. सहकारी १९
४.६. आर्थिक पूर्वाधार तथा राजश्व परिचालन २२
४.७. स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकास २४
५. आर्थिक विकास क्षेत्रको आवधिक नतिजा खाका २७

## तालिका सूची

तालिका १ : रणनीति र प्राथमिकता : सीप तथा रोजगारी ५
तालिका २ : रणनीति तथा प्राथमिकता तालिका : कृषि तथा पशुपालन १०
तालिका ३ : रणनीति तथा प्राथमिकता तालिका : पर्यटन १४
तालिका ४ : रणनीति र प्राथमिकता तालिका : उद्योग र वाणिज्य १८
तालिका ५ : रणनीति र प्राथमिकता तालिका : सहकारी २१
तालिका ६ : रणनीति तथा प्राथमिकता तालिका : आर्थिक पूर्वाधार विकास तथा राजश्व परिचालन २३
तालिका ७ : रणनीति तथा प्राथमिकता तालिका : आर्थिक विकास अन्तर्गत संस्थागत क्षमता विकास २५

## नक्सा सूची

नक्सा १ : टीकापुर नगरपालिकाको वडागत रुपमा बेरोजगारीको अवस्था ३
नक्सा २ : कृषि केन्द्रित वडा ७
नक्सा ३ . टीकापुर नगरपालिकाको पर्यटकीय क्षेत्र १३

खण्ड दुई : टीकापुर नगरपालिकाको स्थानीय आर्थिक विकास रणनीति २९-३९
१. पृष्ठभुमि २९
२. तयारी विधि २९
३. नगरको वर्तमान आर्थिक अवस्था ३०
४. आर्थिक विकासका अवसर तथा चुनौतीहरू ३२
५. आर्थिक विकास रणनीतिका क्षेत्र तथा प्रमुख रणनीति ३३
६. आर्थिक विकास रणनीतिका आधार, प्रमुख रणनीतिक उद्देश्य, नीतिगत प्राथमिकता र प्रमुख रणनीतिहरू ३३
७.१. प्रमुख रणनीतिक उद्देश्य ३४
७.२. प्रमुख प्राथमिकता ३४
७.३. क्षेत्रगत उद्देश्य, रणनीति तथा प्रमुख प्राथमिकता ३४
८. समन्वय र सहकार्य ३९
९. अपेक्षित उपलब्धी ३९

## तालिका सूची

तालिका १ : कैलाली जिल्ला र टीकापुर नगरपालिकामा सञ्चालनमा रहेका उद्योग व्यवसायहरू ३२

## चित्र सूची

चित्र १ : आम्दानीको प्रमुख स्रोतका आधारमा परिवार संख्या (प्रतिशत) ३१

## नक्सा सूची

नक्सा १ : टीकापुर नगरपालिकामा व्यावसायिक इकाईहरूको अवस्थिति ३०

## बक्स सूची

बक्स नं. १ : नगरको दूरदृष्टि, दीर्घकालीन लक्ष्य तथा आर्थिक विकासका प्रमुख क्षेत्र ३४

# खण्ड एक

# टीकापुर नगरपालिकाको आर्थिक विकास योजना

## (नगर बृहत योजना २०७७ अन्तर्गत आर्थिक विकास खण्डको परिमार्जित संस्करण, २०८१)

१. परिचय

टीकापुर नगरपालिका एक ऐतिहासिक र पर्यटकीय महत्वको क्षेत्र हो । टीकापुर नगरपालिकालाई कैलाली जिल्लाको पूर्वी क्षेत्रको आर्थिक, सामाजिक अन्तरसम्बन्धको केन्द्र मान्न सकिन्छ । नेपाल भारत जोड्ने मोहना नदी, पूर्वी क्षेत्रमा बग्ने कर्णाली नदी, पर्यटकीय स्थल टीकापुर पार्क, उर्वर भूमि, व्यवस्थित शहर जस्ता प्रशस्त आधारशीला बोकेको टीकापुर नगरपालिकामा आर्थिक विकासका विभिन्न सम्भावनाहरू छन् । नगरपालिकाको सबै वडाहरूमा क्रमिक रुपमा सडक सञ्जालको विस्तार भैरहेका कारण नगरपालिकाको पूर्वाधार विकासमा थप सहज भएको छ । उपयुक्त हावापानी र भू-बनोट भएको यस नगरपालिकामा कृषि उत्पादनका लागि उर्वर जमिन छ । नगरपालिकामा अधिकांश घर परिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यहाँको अर्थतन्त्र मुख्यतयाः कृषि, वन तथा पशुपालन, थोक तथा खुद्रा व्यापार र होटल तथा रेष्टुरेन्ट लगायतका पर्यटन सेवामा आधारित छ । त्यसबाहेक शिक्षा, स्वास्थ्य जस्ता सेवा क्षेत्रले पनि आयआर्जन र रोजगारीमा महत्वपूर्ण योगदान गरिरहेको अवस्था छ ।

नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भैरहेका कारण नगरपालिकाको सडक बाहेकका पूर्वाधार विकासमा पनि सहजता हुँदै गएको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक क्रियाकलापहरू चलायमान बनाउने माध्यम हुन् । वैदेशिक रोजगार पनि यस नगरको वैकल्पिक आम्दानीको आधार हो । प्रचुर मात्रामा कृषियोग्य जमिन रहेको तथा नेपालको अन्न भण्डारको रुपमा चिनिएको, जैविक एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कैलाली जिल्ला र विशेषतः टीकापुर नगरपालिका नेपालकै व्यवस्थित पार्क मध्येको एक टीकापुर पार्कको कारणले पनि आकर्षक पर्यटकीय गन्तव्यको रुपमा चिनिएको छ । थारु जातिको संस्कृति, रहनसहन तथा चाडपर्व र सुदूरपश्चिमका अन्य जाति र सम्प्रदायका संस्कृतिहरू, कर्णाली नदी, डल्फिन अवलोकन स्थल, व्यवस्थित आधुनिक शहरी बसोबास रहेको नगरको विशिष्ठ पहिचान लगायतका कारणले पनि टीकापुर पर्यटकीय आकर्षणको रूपमा रहेको छ ।

आर्थिक विकासका क्षेत्रहरू मध्ये उद्योग, वाणिज्य तथा पर्यटन र अन्य सेवा क्षेत्रको प्रवर्द्धनका लागि नगरपालिकामा संस्थागत संयन्त्र व्यवस्थापन भएको छैन । पूर्वाधार र अन्य सेवा क्षेत्रका तात्कालिक आवश्यकतामा लगानी गर्नुपर्दा कृषि र पशुपालन बाहेकका आर्थिक क्षेत्रमा नगरपालिकाको लगानी अत्यन्त न्यून छ। कृषि क्षेत्रको व्यवसायीकरण हुन नसक्दा आधा भन्दा बढी जनसंख्या संलग्न भएको यो क्षेत्र आकर्षक रोजागारीको क्षेत्र बन्न नसकेको तथा यसबाट स्थानीयबासीको जीवनस्तर उकास्नमा उल्लेख्य योगदान गर्न सकिरहेको छैन ।

२. मुख्य अवसरहरू

अन्नबाली, तरकारी, फलफूल जस्ता कृषि उपजका लागि अनुकुल माटो र हावापानी एवं उत्पादनयोग्य जमिनको पर्याप्ततालाई कृषि क्षेत्रको व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व बढाउन सक्ने अवसर छ । स्थानीय कृषि उत्पादनमा आधारित प्रशोधन उद्योगसँग जोड्न र स्थानीय आर्थिक वृद्धिदर बढाउने सम्भावना पनि रहेको छ । कृषि पर्यटन, प्राकृतिक पर्यटन, पार्क तथा मनोरञ्जन स्थलमा आधारित पर्यटन विकासको अवसर पनि टीकापुरमा छ । नगरपालिकामा विकास साझेदारीका लागि विभिन्न परियोजना तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनुले नगरपालिकाको आर्थिक विकासको क्षमता तथा थप अवसर उपलब्ध भइरहेको छ । यहाँका कृषि र प्राविधिक शिक्षालयलाई दक्ष जनशक्ति आपूर्तिको स्रोतका रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । केरा र बेतवाँसलाई टीकापुरको स्थानीय पहिचानयुक्त उत्पादनका रुपमा विकास र विस्तार र ब्राण्डिङ गरी स्थानीय अर्थतन्त्रको मेरुदण्डका रुपमा विकास गर्ने अवसर पनि रहेको छ ।

## ३. चुनौतीहरू

कृषि क्षेत्रमा प्रचुर सम्भावना रहेता पनि उत्पादन र उत्पादकत्व प्रतिस्पर्धात्मक हुन नसकिरहेको अवस्थामा सुधार गरी यस क्षेत्रलाई आकर्षक रोजगारीको क्षेत्र बनाउने चुनौती छ । टीकापुरको आन्तरिक राजश्व विस्तार गरी आर्थिक विकासमा सार्वजनिक क्षेत्रबाट भइरहेको लगानी र खर्चको प्रभावकारीता बढाउने चुनौती छ । त्यसैगरी स्थानीय कृषि उत्पादनलाई स्थानीय होटल तथा रेष्टुरेन्टमा उपभोगको सीमित अभ्यासमा सुधार गरी स्थानीय बजार माग बढाउने चुनौति पनि छ । निजी क्षेत्रको लगानी कृषि र गैरकृषि क्षेत्रमा आकर्षित गर्नका लागि अनुकुल वातावरण निर्माण गर्ने तथा पर्यटकीय गन्तव्यमा आन्तरिक र बाह्य पर्यटकको आगमन, बसाई दिन र दैनिक औसत खर्च वृद्धि मार्फत यो क्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य योगदान बढाउने चुनौती पनि रहेको छ । त्यसैगरी पहाडी जिल्ला जोड्ने सेती लोकमार्ग र चिसापानी बाबियाचौर हुँदै बड्डीचौर जोड्ने मोटरबाटो टीकापुरलाई सम्भाव्य आन्तरिक बजारसँग जोड्ने सहयोगी पूर्वाधारका रुपमा विकास र उपयोग गर्ने चुनौती रहेको छ ।


## ४. आर्थिक विकासका क्षेत्र

हरेक क्षेत्रका लागि चाहिने सीपयुक्त जनशक्ति उत्पादन गर्नुका साथै रोजगारीका नयाँ अवसर सिर्जना गर्नु महत्वपूर्ण हुने भएकाले क्षेत्रगत उद्देश्य तथा नीतिको अभिन्न अंगका रुपमा रोजगारी र आर्थिक अवस्थाको चित्रण गरी रोजगार प्रवर्द्धनको नीति सर्वप्रथम प्रस्तुत गरिएको छ । कृषि तथा पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र पूर्वाधार विकास आर्थिक विकासका प्रमुख प्राथमिकताका क्षेत्र हुन् । समग्र विकास प्रक्रिया अघि बढाउनका लागि आन्तरिक स्रोतको उपलब्धता सुनिश्चित गर्ने कुरा पनि आर्थिक विकासको महत्वपूर्ण प्राथमिकता भएकाले राजश्वलाई पनि यो क्षेत्रको अभिन्न अंगका रुपमा समेटिएको छ ।

### ४.१. सीप तथा रोजगारी

#### क. पृष्ठभूमि

नगर पार्श्वचित्र २०७५ अनुसार नगर क्षेत्रभित्र स्वेच्छिक बेरोजगारी गणना नगर्दा काम गर्ने उमेरको जनसंख्याको ३६.३६ प्रतिशत परिवार संख्या बेरोजगारको अवस्थामा रहेका छन् । अन्य वडामा भन्दा वडा नं. १ मा बेरोजगारको संख्या बढी मात्रामा रहेको छ । नगरका वडाहरूमा रहेको बेरोजगारीको अवस्थालाई तलको नक्सामा देखाइएको छ ।




**नक्सा १: टीकापुर नगरपालिकाको वडागत रुपमा बेरोजगारीको अवस्था**

कृषि, पशुपालन, उद्योग व्यवसाय आदिबाट आम्दानी गर्ने परिवार संख्या १७,०४० मध्ये ३५ प्रतिशत परिवारहरू कृषिमा आवद्ध रहेका छन् । यसमध्ये कृषिबाट आम्दानी गर्ने परिवार संख्या करिब २,९०० रहेको र वार्षिक औसत आम्दानी प्रति परिवार रु. ७५ हजार मात्र देखिन्छ । केराखेती सँगसँगै केरामा आधारित उत्पादित वस्तु तथा सामुदायिक वनमा पाइने बेतबाँसमा आधारित उत्पादन, आलु खेती, उखु खेती, पशुपालन आदिको व्यवसायीकरण मार्फत थप रोजगारी सृजना हुन सक्ने देखिन्छ । हाल केराखेतीबाट उत्पादित केराका विभिन्न परिकार लगायत यहाँ उत्पादन भएका केरा नेपालका प्रमुख शहरहरूमा निर्यात हुने गरेको छ । सामुदायिक वनमा बेतबाँस पाइने भएता पनि बेतबाँसलाई कच्चा पदार्थका रुपमा पूर्ण प्रयोग गर्न सकिएको छैन । यहाँको बेतबाँस थप प्रशोधन वा रुपान्तरण विना नै भारततर्फ जाने गरेको छ । बेतबाँसमा आधारित फर्निचर तथा अन्य सामग्रीको उत्पादनबाट वार्षिक २०० जनासम्मले पूर्णकालीन रोजगारी पाउन सक्ने अवस्था छ ।

नगर क्षेत्रभित्र रहेका सबै किसिमका श्रमिकहरुको काम, सीप र दक्षताको आधारमा अभिलेख राखी अद्यावधिक गर्ने, स्थानीय तहमा दर्ता, अभिलेखीकरण भएका श्रमिकलाई सूचिकृत हुन सहजीकरण गर्ने, परिचय पत्रको व्यवस्था गर्ने र दक्ष जनशक्ति उत्पादन गर्न सीप र प्रविधिको व्यवस्था गर्न जोड दिने उद्देश्य सहित टीकापुर नगरपालिकाले श्रमिक लगत संकलन तथा व्यवस्थापन कार्यविधि, २०७८ जारी गरेको छ । यद्यपि तथ्याङ्क संकलन र व्यवस्थापन लगायतका उद्देश्यमा केन्द्रित कार्य हुन सकेको छैन ।

वि.सं. २०७५ को तथ्याङ्क अनुसार विप्रेषणबाट आम्दानी गर्ने परिवार संख्या ६ हजार रहेको छ । नगर क्षेत्रमा वार्षिक रुपमा विप्रेषण आम्दानी ८९ करोड रहेको (वार्षिक औसत आम्दानी प्रति परिवारमा रु. १ लाख ४० हजार) भएको पाइन्छ । दैनिक ज्यालाबाट प्राप्त गर्ने परिवार संख्या ५ हजार रहेका छन् जसको वार्षिक औसत आम्दानी प्रति परिवार रु. १ लाख ८० हजार मात्र रहेको छ ।

**ख. प्रमुख समस्या**

बेरोजगारको संख्या र त्यसको खण्डीकृत विवरण हुनु, नगरपालिकाको प्रत्येक वर्ष वार्षिक नीति तथा कार्यक्रममा बेरोजगारीलाई रोजगारी उपलब्ध गराउने विषयमा उल्लेख भएता पनि उक्त नीतिलाई कार्यान्वयनका लागि नगरपालिकासँग स्पष्ट नीति, ऐन कानुन नहुनु, उद्योग व्यवसाय लगानीका लागि प्रोत्साहन नहुँदा नयाँ उद्यम व्यवसाय गर्नेभन्दा वैदेशिक रोजगारीका लागि जाने क्रम निरन्तर रहनु, नगरपालिकाको माग बमोजिम सार्वजनिक निर्माणका कार्य र नगर क्षेत्रभित्र प्रवाह हुने अन्य सेवाका क्षेत्रहरूसँग जोडेर स्वेच्छिक बेरोजगार तथा विदेशबाट फर्केका व्यक्तिहरूको चाहना र क्षमताका आधारमा रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्न नसक्नु आदि प्रमुख समस्याका रुपमा रहेका छन् ।

**ग. अवसर र चुनौती**

श्रमको हक संवैधानिक रुपमा स्थापित हुनु, दिगो विकास लक्ष्यमा गरिबी अन्त्यका लागि रोजगारीलाई प्रमुख क्षेत्रका रुपमा स्थापित गरिनु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रोजगारी सृजना सम्बन्धी स्थानीय तहलाई जिम्मेवारी दिनु, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनाहरुमा रोजगारी सृजनालाई प्राथमिकता दिनु, रोजगारी प्रवर्द्धनमा केन्द्रित संघीय कार्यक्रमहरु नगरपालिका क्षेत्रमा कार्यान्वनमा रहनु, सडक सञ्जालको विस्तार, कृषि र पर्यटन क्षेत्रमा लगानीका लागि देखिएको आकर्षण जस्ता विषय रोजगारी प्रवर्द्धनका अवसरका रुपमा रहेका छन् । सीप विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने कृषि क्याम्पस र पोलिटेक्निक इन्स्टिच्युट टीकापुरमा सञ्चालनमा रहनु पनि सीप विकास र नयाँ उद्यम व्यवसाय प्रवर्द्धनका लागि अवसरका रुपमा रहेका छन् ।

रोजगारीका पर्याप्त अवसर स्थानीय स्तरमा नै उपलब्ध गराउन, वैदेशिक रोजागारीबाट फर्केकाहरुको सीप तथा अनुभव अनुसार स्वरोजगारीका विकल्प उपलब्ध गराउन, उद्योग व्यवसाय लगानीमा पुँजी अनुदान दिन, क्षमता अनुसारको रोजगारीमा वृद्धि गर्न, कृषि, उद्योग र पर्यटन लगायतका सेवा क्षेत्रमा वर्षभरि रोजगारी पाउने सुनिश्चिता गर्न स्थानीय सरकार र निजी क्षेत्रका तर्फबाट लगानी गर्नुका साथै बेरोजगार जनसंख्यालाई थप रोजगारीका अवसर सिर्जना गर्नका लागि लगानी बढाउने चुनौती रहेको छ । सीप तथा रोजगारीका अवसरमा महिला, दलित, सिमान्तकृत र अपाङ्गता भएका व्यक्तिको मुल प्रवाहीकरण पनि चुनौतीकै रुपमा रहेको छ ।

**घ. लक्ष्य**

स्थानीयस्तरमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी नगरबासीको आय वृद्धि गर्ने

**ङ. उद्देश्य तथा नीतिहरू**

*उद्देश्य १: स्थानीय आर्थिक विकासमा टेवा पुग्ने गरी सीप विकास र रोजगारी सिर्जना गर्नु ।*

**नीति क.** नगरपालिकामा कृषि, उद्योग, पर्यटन, पूर्वाधार लगायतका क्षेत्रको आवश्यकताका आधारमा दक्ष जनशक्ति उत्पादनका लागि व्यावसायिक तथा प्राविधिक शिक्षालयबाट तालिम दिने प्रबन्ध मिलाइने छ ।

**नीति ख.** बेरोजगारको पहिचान र सूचिकृत गरी सार्वजनिक क्षेत्र विकास निर्माण कार्यक्रम तथा आयोजनामा श्रमिकको माग बमोजिम सीप विकास तालिम सञ्चालन गरिनेछ । तालिममा सहभागीलाई कृषि उद्योग र सेवा क्षेत्रमा उपलब्ध रोजगारीका अवसरमा आवद्ध गर्न निजी क्षेत्रसँग प्रभावकारी समन्वय गरिने छ ।

**नीति ग.** केराबाट खाद्य पदार्थ, केराको बोटको रेशाबाट कपडा, कागज, धागो, हस्तकलाका सामग्री निर्माण गर्ने उद्योग, प्रांगारिक मल तथा गड्यौला मल उत्पादन, स्थानीय मस्यौरा, अचार लगायत घरेलु उद्योगका उत्पादन र बेतबाँस लगायत हस्तकलाका सामग्री तयारीका लागि लागि बेरोजगार वा नयाँ युवा प्रतिभाहरूलाई प्रोत्साहन गरी नवीन सीप तथा प्रविधिमार्फत उद्यमशील बनाइने छ ।

**नीति घः** बेरोजगार व्यक्तिहरूले आफूसँग भएको सोच, सीप र अनुभवका आधारमा स्वरोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न विशेष उद्यमशीलता तालिम प्रदान गरी उनीहरूबाट प्रस्तावित प्रस्तावको मूल्यांकनका आधारमा सहुलियतपूर्ण ऋण सहायताको व्यवस्था गरिनेछ ।

**नीति ङः** वैदेशिक रोजगारबाट फर्केका वा विप्रेषणबाट प्राप्त हुने रकमलाई उत्पादनशील तथा रोजगारीमुलक कार्यक्रममा लगानी गर्न प्रोत्साहित गरिनेछ । यसका लागि अनुदानसहित सहुलियत ऋणको व्यवस्था गरिनेछ ।

**नीति चः** स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरूको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन गरी स्थानीय उत्पादनलाई स्वरोजगारीका अवसरसँग आवद्ध गर्दै लगिनेछ ।

**नीति छ.** प्रदेश स्वरोजगार कोषबाट उपलब्ध हुने सहुलियतपूर्ण कर्जा प्राप्तिको प्रक्रियामा नगरपालिकाबाट आवश्यक सहजीकरण गरिनुका साथै सम्भाव्यताका आधारमा नगर स्वरोजगार कोष स्थापना गरिनेछ ।

## च. रणनीति तथा आवधिक प्राथमिकता

**तालिका १ : रणनीति र प्राथमिकता : सीप तथा रोजगारी**

| अल्पकालीन (पहिलो ३ वर्ष) | मध्यकालीन (४ देखि ८ वर्ष) | दीर्घकालीन (९ देखि २० वर्ष) |
|---|---|---|
| **रणनीति १. रोजगारी प्रवर्द्धनका अनुकुलन नीतिगत प्रबन्ध गर्ने**<br>**क.** नगरभित्र पूर्ण तथा आंशिक बेरोजगारको समस्या रहेको छ । नगरपालिकाको प्रत्येक वर्षको वार्षिक नीति तथा कार्यक्रममा बेरोजगारीलाई रोजगारी उपलब्ध गराउने विषयमा उल्लेख भएतापनि उक्त नीतिको व्यवस्थित कार्यान्वयन हुन सकिरहेको छैन । प्राथमिकता बमोजिम सबै वडाका शिक्षित बेरोजगार वा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई सार्वजनिक निर्माण तथा शहरी सेवाका लागि नगरलाई आवश्यक पर्ने तालिम, उद्यमशील तथा व्यवसायिक कार्यमा सहभागिता गराउने लगायत आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका समुदायलाई रोजगारीका अवसर उपलब्ध गराउनका लागि उपयुक्त नीति तथा कानुन आवश्यक पर्ने भएकाले सो को निम्न प्राथमिकता तय गरिएको छ । | | |
| १. सीप विकास तथा रोजगार प्रवर्द्धन सम्बन्धी दीर्घकालीन नीति बनाउने तथा कृषि, उद्योग, पर्यटन जस्ता क्षेत्रगत नीतिमा सीप विकासका विषय समेट्ने ।<br><br>२. नगरस्तरीय दैनिक ज्यालादर निर्धाण र वार्षिक रुपमा अद्यावधिक गर्ने । | १. आवश्यकता अनुसार सीप विकास उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यक कानुनी प्रबन्ध गर्ने ।<br><br>२. निरन्तर | १. सीप तथा रोजगारी प्रवर्द्धनका नीति तथा कानुन कार्यान्वयनको अवस्था विश्लेषण गरी आवश्यक परिमार्जन वा संशोधन गर्ने । |
| **रणनीति २. बेरोजगारीको अवस्था पहिचान र उद्यमशीलता विकास गर्ने**<br><br>ख. बेरोजगारहरूको संख्या र वर्गीकरण, प्राथमिकता बमोजिम सार्वजनिक निर्माण तथा शहरी सेवा अनुरुप नगरपालिकाको माग बमोजिमका कार्य क्षेत्र, बजारको सम्भावना, शैक्षिक बेरोजगार तथा विदेशबाट फर्केका व्यक्तिको चाहना र क्षमताका आधारमा रोजगार कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्नका अवस्था विश्लेषण र तथ्याङ्क अद्यावधिक गर्नुपर्ने आवश्यकता रहेको छ । बजार मागमा आधारित जनशक्ति तयारीका लागि सीप विकास कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउँदै क्रमशः बेरोजगारीको समस्या सामाधन गर्नु आवश्यक छ । त्यसैले योजनावद्ध रुपमा सीप विकासका कार्यक्रम अघि बढाउन निम्नानुसारको आवधिक प्राथमिकता निर्धारण गरिएको छ । | | |
| १. श्रम सर्वेक्षण गरी श्रमिक तथा बेरोजगारहरूको अभिलेख अद्यावधिक गर्ने तथा सबै किसिमको श्रममा आवद्ध श्रमिकलाई परिचय पत्र प्रदान गर्ने ।<br>१.१. उद्योग व्यवसाय र कृषि उद्यमको आवश्यकता पहिचान तथा उपलब्ध बेरोजगार नागरिकको योग्यता सहित श्रम बजार अध्ययन गर्ने ।<br>२. नगरपालिकाले आर्थिक सम्भाव्य क्षेत्रका रुपमा पहिचान गरेका कृषि, पर्यटन र स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगका लागि आवश्यक जनशक्ति तयारीको अल्पकालीन तथा दीर्घकालीन सीप विकास तालिमको पाठ्यक्रम र सूचि तयार गर्ने ।<br>३. उद्यमशीलता र स्वरोजगारी अन्तर्गत केरा खेती र सोबाट प्रशोधित खाद्यवस्तु तयारी, बेतबाँसका सामाग्री निर्माण, इलेक्ट्रिसियन, स्थानीय जडिबुटी संकलन तथा प्रशोधन, भवन तथा सार्वजनिक | १. रोजगारी, बेरोजगारी र श्रमको अभिलेखको नियमित अद्यावधिक गर्ने ।<br><br>२. श्रम सर्वेक्षण र विज्ञ परामर्श प्रवर्द्धनका क्षेत्र पहिचानका आधारमा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम तय गर्ने ।<br><br>३. तालिका र उद्यमशीलता विकासका कार्यक्रमलाई निरन्तरता दिने । साथै वित्तीय परामर्श, व्यवसाय योजना निर्माणमा सहयोग, उद्योग व्यवसाय दर्ता तथा सुरुवातका लागि सहजीकरण । | १. श्रम सर्वेक्षण र बजारको श्रमिकको माग र आपूर्ति विश्लेषणका लागि आवधिक रुपमा निरन्तरता दिने ।<br><br>३. सीप विकास तथा स्वरोजगारी सम्बन्धी परामर्श तथा वित्तीय क्षेत्र समन्वय सेवालाई निरन्तरता दिने । |


| | | |
|---|---|---|
| पूर्वाधार निर्माण, प्लम्बर, कपाल काट्ने जस्ता सीप विकास तालिम र स्वरोजगारी प्रवर्द्धन कार्यक्रम क्रमशः कार्यान्वयन गर्ने ।<br><br>४. पोलिटेक्निक इन्स्टिच्युट लगायतका सम्बन्धित निकायसँग समन्वय गरी विज्ञमार्फत प्रत्येक वडाका ५ जना बेरोजगार युवाहरूलाई वार्षिक रुपमा व्यावसायिक योजनाका प्राथमिकताका आधारमा लामो अवधिको विशिष्टीकृत तालिम उपलब्ध गराउने ।<br><br>५. वैदेशिक रोजगारबाट फर्कने युवा लक्षित स्वरोजगार प्रवर्द्धन कार्यक्रम ( कृषि, उद्योग र पर्यटनमा आधारित) शुरु गर्ने ।<br><br>६. अपाङ्गता भएका व्यक्तिका लागि रोजगारीका विकल्प पहिचान, सीप विकास तथा जिवीकोपार्जन सहयोग कार्यक्रम । | ४. अल्पकालमा गरिएका तालिमको उपलब्धीका आधारमा फ्लोअप कार्यक्रम र नयाँ सीप विकास तालिम सञ्चालन ।<br><br>५. निरन्तर<br><br>६. निरन्तर<br><br>७. नगर स्वरोजगार कोष निर्माण गरी उद्यमशीलता प्रवर्द्धन कार्यक्रम । | ४. आय आर्जनका क्रियाकलापमा हुने संलग्नता तथा मध्यकालको उपलब्धीका आधारमा लामो अवधिको सीप विकास तालिमलाई निरन्तरता दिने ।<br><br>५. निरन्तर<br><br>६. निरन्तर<br><br>७. स्वरोजगार कोष अभिबृद्धि तथा उद्यमशिलता कार्यक्रम विस्तार । |

### ४.२. कृषि तथा पशुपालन

### क. पृष्ठभूमि

"कृषि, पर्यटन र पूर्वाधारः समृद्ध टीकापुरको आधार" भन्ने नारा र "उत्पादनशील, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सुव्यवस्थित पर्यटकीय नगर" को सोच राखी अगाडि बढ्दै गरेको टीकापुर नगरले आर्थिक रुपमा सबल बन्ने ध्येय प्राप्तिका लागि कृषि र पशुपालन, पर्यटन, उद्योग र वाणिज्य तथा पूर्वाधार विकासलाई मूल आधारको रुपमा लिएको छ । कृषि र पशुपालन क्षेत्रको महत्वलाई आत्मसात गर्दै नगरको दीर्घकालीन सोच र तदअनुरुपको ध्येय प्राप्तिमा सघाउ पुर्‍याउने उद्देश्यले खाद्य तथा पोषण सुरक्षा, रोजगारी सृजना र कृषिजन्य उद्योग व्यवसायको प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै सोही अनुरुपको नीति तथा कार्यक्रम तय गरिएको छ ।

टीकापुर नगरपालिकाको नगर पार्श्वचित्र २०७५ अनुसार नगरपालिकाका ३५ प्रतिशत परिवार कृषि पेशामा प्रत्यक्ष रुपमा कृषि पेशामा सहभागी छन् । तथापि सबैजसो परिवार खासगरी पारिवारिक प्रयोजनको लागि कुनै न कुनै रुपमा कृषिमा आवद्ध छन् । ३५ प्रतिशत परिवार मध्ये २८ प्रतिशत आफ्नै उत्पादनबाट वर्षभरि खान पुग्नेमा पर्दछन् । बढीमा १३ प्रतिशत परिवारले पारिवारिक उपभोग बाहेक अन्नबाली बिक्री गर्ने गर्दछन् भने ४/४ प्रतिशतले क्रमशः तेलहन र तरकारीजन्य उत्पादनहरू बिक्री गर्ने गर्दछन् । अन्य बालीहरूतर्फ यो संख्या एकदम नगण्य छ । यसको सोझो अर्थ हो, लगभग ७१ प्रतिशत परिवारले कुनै न कुनै रुपमा खाद्य पदार्थको जोहो अन्यत्रबाट गर्नु पर्दछ । नगरभित्र गैह्रकृषि क्षेत्रमा सीमित रोजगारीको अवस्थालाई हेर्दा वैदेशिक रोजगारीबाट प्राप्त हुने आम्दानी (रु. १ लाख ४० हजार प्रति परिवार प्रति वर्ष) नै खाद्य वस्तुहरू खरिद लगायतमा खर्च हुने देखिन्छ ।




**नक्सा २: कृषि केन्द्रित वडा**

नगरले कृषिका लागि प्राथमिकतामा राखिने वडाहरू माथि नक्सामा देखाइएको छ। नक्साका आधारमा वडा नं. १ को ब्लक नं. १ देखि ३२ सम्म तथा वडा नं. २ का केही भू–भाग बाहेकका खेतीयोग्य जमिनलाई कृषि क्षेत्रको रुपमा विकास गर्न उपयुक्त हुने देखिन्छ।

अर्कोतर्फ, नगरमा ५२ प्रतिशत परिवार पशुपन्छी पालनमा सहभागी देखिन्छन्। उल्लेख्य रुपमा उन्नत जातको प्रयोग भएको पशुपालन क्षेत्रले सिंगो नगरलाई दुध, माछा, मासु, अण्डा आदिमा आत्मनिर्भर बनाउँदै किसानहरूलाई आम्दानी बढाउन र खाद्य सुरक्षणमा दरिलो टेवा दिएको छ।

### ख. प्रमुख समस्या

कृषि र पशुपालनमा लागि पर्ने परिवारको संख्या क्रमशः ३५ र ५२ प्रतिशत भए पनि नगरका अधिकांश घर परिवार पारिवारिक प्रयोजनका लागि कुनै न कुनै रुपमा कृषि र पशुपालनमा संलग्न छन् तर आफ्नो उत्पादनले बाह्रै महिना खान पुग्ने परिवार जम्माजम्मी २९ प्रतिशत मात्र छ। बढ्दो शहरीकरण, युवाहरूको विदेश पलायन र कृषि योग्य भूमिको आंशिक मात्र उपयोग भइरहेका कारण नगरमा कृषि बाली र पशुपालन क्षेत्रबाट पर्याप्त उत्पादन हुन सकेको छैन। कृषि उपजको बजार अनिश्चितता, निर्वाहमुखी खेती अभ्यास र ठूलो परिमाणमा जग्गा भाडामा लिएर व्यवसायिक खेती गर्ने अभ्यासको सीमितता जस्ता कारणले पनि कृषि उत्पादन लाभदायक हुन नसकेको अवस्था छ। सिँचाइको पर्याप्त पहुँच नहुँदा धान उत्पादन एक सिजनमा

मात्र हुने, उन्नत ब्रड/जातको बिउको उपलब्धता नहुने वा सीमित हुने अवस्था र उन्नत जातका पशुपालन पद्धतिको अभावमा अपेक्षित कृषि र पशुपालन क्षेत्रको उत्पादन अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन । सरकारले तोकेको न्यूनतम समर्थन मुल्यमा पनि धान, गहुँ लगायतका अन्नबाली बिक्री नहुने अवस्था छ ।

## ग. अवसर र चुनौती

रानी, जमरा, कुलरिया सिँचाइ आयोजनाबाट निरन्तर भइरहेको सिँचाइ क्षेत्रको विस्तार टीकापुरको प्रमुख अवसरका रुपमा रहेको छ । संघीय सरकारको नीति अनुरुप बाली विविधिकरण, भू-उपयोग योजना मार्फत खेतीयोग्य जमिनको संरक्षण र प्रभावकारी उपयोग तथा कृषिमा व्यवसायीकरणको माध्यमबाट उत्पादन र उत्पादकत्व बढाउने अवसर छ । धान, केरा, आलु, तरकारी, दुध जस्ता उत्पादनलाई टीकापुर बाहेकका क्षेत्रको बजारमा लैजाने, मुल्य श्रृंखला विस्तार गर्ने तथा कृषि उत्पादन मात्र नभई कृषि उत्पादनको व्यापारबाट समेत आय र रोजगारी बढाउने अवसर रहेको छ । टीकापुरको आन्तरिक बजार माग तथा आसपासका स्थानीय तहको केन्द्रका रुपमा समेत टीकापुर रहेको सन्दर्भमा मासुजन्य उत्पादन बढाएर आय र रोजगारी अभिवृद्धि गर्ने अवसर नगरपालिकालाई छ । कृषि बाली, बिउ उत्पादन र बिउ बैंकको विकास, उन्नत पशुपालन पद्धति र अभ्यास प्रबर्द्धन, डेरी उद्योग, तरकारी आदिका लागि सुदूरपश्चिम प्रदेशकै प्रमुख स्रोतका रुपमा टीकापुरको विकास गर्न सकिने अवसर रहेको छ ।

कृषि क्षेत्रलाई निर्वाहको क्षेत्रबाट आकर्षक रोजगारी र आयमुलक क्षेत्रका रुपमा विकास गर्ने चुनौती टीकापुरलाई छ । कृषि उत्पादनको बजार सुनिश्चितता र मुल्य अभिवृद्धि हाँसिल गर्ने र यस क्षेत्रमा लगानी आकर्षित गर्ने चुनौती पनि नगरपालिकालाई छ । कृषि क्षेत्रमा काम गर्ने उमेरको जनशक्तिलाई वैदेशिक रोजगारीमा जान नपर्ने अवस्थाको सिर्जना गरी कृषि उत्पादनको दिगोपना हाँसिल गर्ने तथा संघीय सरकारका तर्फबाट सिँचाइमा भएको ठूलो लगानीको प्रतिफल प्राप्त हुने गरी उत्पादन र उत्पादकत्व हाँसिल गर्ने चुनौती पनि विद्यमान छ । कृषियोग्य जमिन डुबानमा पर्ने, नगरभित्रका ऐलानी जग्गाहरु धेरै भएको र ती जग्गाहरुमा पनि भूमिहीन तथा मुक्त कमैयाहरु धेरै संख्यामा रहेकाले कृषिका लागि प्रयोगमा ल्याउन निकै चुनौती रहेको छ ।

## घ. लक्ष्य

कृषि उत्पादनशील नगर बनाउने

## ङ. उद्देश्य तथा नीतिहरू

**उद्देश्यः १** **खाद्य तथा पोषण सुरक्षित नगर निर्माण गर्ने**

**नीतिहरू**

**नीतिः क** कृषि उत्पादलन र उत्पादकत्व वृद्धिका लागि बाली विविधिकरण, उत्पादन योजना र उन्नत उत्पादन अभ्यासको माध्यमबाट उपलब्ध खेतीयोग्य जमिनको प्रभावकारी उपयोग गरिनेछ । साथै भूमि बैंक र चक्लाबन्दी खेती प्रबर्द्धनका लागि नीतिगत व्यवस्था गरिनेछ ।

**नीति ख.** उत्पादनका लागि आवश्यक पर्ने सिँचाइ लगायत कृषि सामग्रीहरू जस्तैः उन्नत बिउ, मल, प्रविधि तथा आधुनिक उपकरणहरूको आपूर्तिलाई निजी वा समूह/सहकारी वा दुबैको माध्यमबाट सर्वसुलभ गराइनेछ ।

नीति ग. रानी, जमरा, कुलरिया सिँचाइ आयोजनाको कार्य छिटो सम्पन्न गर्ने गरी नगरपालिकाको तर्फबाट आवश्यक सहजीकरण र सहकार्य गरिने छ । साथै नगर गौरबको सिँचाइ आयोजनाको लक्ष्य अनुसार धान, गहुँ जस्ता बालीको उत्पादन र उत्पादकत्व बढाउने गरी कार्यक्रम अघि बढाइने छ । आयोजनाले नसमेट्ने केही भागमा आवश्यकता अनुसार सिँचाइका प्रविधिका लागि उत्पादन योजनामा आधारित पुँजीगत अनुदान उपलब्ध गराइने छ ।

**नीति ग.** आवश्यक जनशक्तिको प्रबन्ध गरी तालिम तथा परामर्शको माध्यमबाट प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । स्थानिय निजी उद्यमी व्यवसायी (एग्रोभेट) तथा समूह/सहकारी प्रतिनिधि सदस्यहरूको पनि क्षमता अभिवृद्धि गरी सोमार्फत अथवा सोसँगको समन्वयमा किसानहरूका लागि आवश्यक प्राविधिक सेवा, परामर्श आदि नियमित प्रदान गरिनेछ ।

**नीति घ.** "हर घर, खाद्य र पोषणमा आत्मनिर्भर" अभियानमा सबैलाई समेट्ने उद्देश्यले प्राविधिक तालिम, परामर्श बाहेक किसानका लागि "प्रोत्साहन" को पनि व्यवस्था गरिनेछ ।

नीति ङ. खाद्य र पोषणको महत्व सम्बन्धी नागरिकस्तरमा जागरण ल्याई दुध, फलफूल, तरकारी आदिको उत्पादन र उपभोगलाई पोषणको माध्यमका रुपमा अघि बढाइने छ ।

नीति च. जलवायु परिवर्नत अनुकुलन र खाद्य र पोषण सुरक्षा प्रवर्द्धन गर्न जैविक कृषि तथा रैथाने बिउ संरक्षणलाई प्राथमिकतामा राखिने छ ।

नीति छ. खेतबारीमा रहेका कृषि अवशेषहरु (नल, पराल आदि) जलाउन पूर्ण रुपमा बन्देज गरिनेछ ।

**उद्देश्यः २ कृषि क्षेत्रमा रोजगारीको सिर्जना गर्ने**

नीतिहरू

नीति क. स्व-निर्भर तथा व्यावसायिकतातर्फ उन्मुख कृषकहरूको कृषि व्यवसाय स्तरोन्नतीका लागि क्षमता विकास, सहुलियतपूर्ण वित्त, विमा, प्रविधि र बजार आदिमा पहुँच विस्तारमा सहजीकरण गरिनेछ ।

नीति ख. प्रतिस्पर्धी बालीहरूको छनौट गरी स्थानीयस्तरमा सहज हुने गरी व्यावसायिक रुपमा केरा, उखु, तरकारी र अन्नबाली (धान, गहुँ) र माछापालन, गाई/भैंसी पालन र बंगुर र बाखा पालनलाई प्रोत्साहन गरिनेछ । कृषिबालीका लागि उन्नत बिउको पहुँच विस्तार र पशुपालनका सन्दर्भमा नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

नीति ग. नश्ल सुधारको लागि सार्वजनिक निजी साझेदारीका आधारमा आधुनिक "बिउ बैंक" र "ब्रिडिङ्ग फार्म" स्थापना तथा सञ्चालन गरिनेछ । यसरी स्थापना भएको "बिउ बैंक" र "ब्रिडिङ्ग फार्म" स्थापना र सञ्चालनलाई प्राथमिकतामा राखिने छ ।

नीति घ. व्यावसायिक कृषि तथा पशुपालन कार्यलाई उन्नत पद्धति, नवीन प्रविधियुक्त तथा पूर्ण रुपमा यान्त्रिकीकरण गरी उच्च प्रतिस्पर्धी बनाइनेछ ।

नीति ङ. मुल्य श्रृङ्खलामा आधारित रहेर कृषि र पशुजन्य उद्योग व्यवसायको प्रवर्द्धन गरिनेछ । स्थानीय उत्पादनमा आधारित मझौला तहको उद्योग व्यवसायहरूलाई प्राथमिकतामा राखिनेछ ।

नीति च. कृषि क्षेत्रमा आवश्यक पर्ने प्राविधिक जनशक्तिको आपूर्तिलाई रोजगारी प्रवर्द्धनको माध्यमका रुपमा समेत अघि बढाइने छ ।

**उद्देश्यः ३ कृषिमा आधारित उद्योग व्यवसायको विकास, प्रवर्द्धन र गुणस्तर अभिवृद्धि गर्ने ।**

नीतिहरू

नीति क. स्थानीय कृषि तथा पशुपालानमा आधारित प्रशोधन उद्योगलाई प्रोत्साहनका लागि अनुकुलन नीतिगत वातावरण तयार गरिनेछ ।

नीति ख. दुग्ध संकलन तथा प्रशोधन लगायत पशुपालन तथा कृषि उपजको प्रशोधन उद्योगका लागि कच्चा पदार्थ आपूर्ति, सीपयुक्त जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास र बजारीकरणका लागि सार्वजनिक, निजी र सहकारी साझेदारी र सहकार्य बढाइने छ ।

नीति ग. किसानहरूलाई सहकारीमा र सहकारीहरूलाई विशिष्टीकृत सहकारीमा आवद्ध गराउँदै सोको लगानी तथा व्यवस्थापनमा कृषिमा आधारित उद्योग व्यवसायहरू स्थापना तथा सञ्चालनको वातावरण निर्माण गरिनेछ ।

नीति घ. कृषि अनुदानलाई उत्पादन र पुँजी लगानीमा आधारित बनाइने छ । कृषि ज्ञान केन्द्र, पशु विज्ञ केन्द्र र रानी, जमरा, कुलरिया सिँचाइ आयोजनाबाट प्रदान गरिने अनुदानमा दोहोरोपन नहुने कुराको सुनिश्चितता गरिने छ ।

नीति ङ. व्यावसायिक रुपमा कृषि उत्पादनमा लाग्ने कृषकहरूको लागि सहुलियतपूर्ण कृषि कर्जा प्राप्तिमा सहजीकरण गरिने छ । यसका लागि अनुदान, सहुलियत ऋण तथा साना किसानका लागि किसान क्रेडिट कार्ड प्राप्तिमा सहजीकरण गरिनेछ ।

नीति च. स्वच्छ र स्वस्थ उत्पादन अभ्यासको प्रवर्द्धनका साथै गुणस्तर मापन र प्रमाणीकरणको लागि प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिने छ ।

नीति छ : भूमि बैंकको अवधारणा कार्यान्वयन गरी कृषि क्षेत्रका लगानीकर्ताका लागि जग्गा प्राप्ति प्रक्रियालाई सरलीकरण गरिने छ ।

**उद्देश्यः ४ कृषि क्षेत्रको विश्वसनीय तथ्याङ्कमा आधारित रहेर क्षमता विकास, समन्वय र सहकार्य प्रवर्द्धन गर्ने ।**

नीतिहरू

नीति क. कृषि गणना र कृषि तथ्याङ्क अद्यावधिक गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

**नीति ख.** सीप, पूँजी, प्रविधि, क्षमता विकास, बजार सम्पर्क विस्तारका अलावा कृषकहरूलाई अनपेक्षित जोखिम न्यूनिकरण र उत्थानका लागि विमा, जोखिम कोष, क्षतिमा आधारित अनुदान आदि सम्भाव्य उपाय अवलम्बन गरिनेछ ।

## च. रणनति तथा प्राथमिकता

**तालिका २ : रणनीति तथा प्राथमिकता तालिका : कृषि तथा पशुपालन**

<table>
<tr><td colspan="3">रणनीति १. कृषि उत्पादन र उत्पादकत्व प्रवर्द्धनको नीतिगत व्यवस्थामा सुधार गर्ने<br>क. टीकापुर नगरपालिकाले जग्गा लिजमा लिएर कृषि व्यवसाय गर्ने सम्बन्धी व्यवस्था, कृषि व्यवसाय प्रवर्द्धन कोष लगायतका प्रावधान समेटेर कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ जारी गरेको छ । यद्यपि कोषको परिचालन, प्राथमिकता प्राप्त कृषि व्यवसाय, व्यवसाय योजना र त्यसको मुल्यांकन एवं कृषि क्षेत्रमा लगानी प्रबर्द्धनका लागि नगरपालिकाले गर्ने सहजीकरण जस्ता विषय त्यसमा समेटिएका छैनन् । यस पृष्ठभूमिमा कृषि कानुनलाई समय सापेक्ष बनाउने तथा कृषि क्षेत्रको लगानीका सन्दर्भमा नीतिगत स्पष्टता ल्याउने तथा कृषि उत्पादन र उत्पादकत्व बढाउने प्रयोजनका लागि निम्न कार्यलाई प्राथमिकतामा राखिएको छ ।</td></tr>
<tr><td>अल्पकालीन (पहिलो ३ वर्ष)</td><td>मध्यकालीन (४ देखि ८ वर्ष)</td><td>दीर्घकालीन (९ देखि २० वर्ष)</td></tr>
<tr><td>१. कृषि व्यवसाय प्रवर्द्धन ऐनमा लगानी, कृषि तथा पशुपालन क्षेत्रको प्राथमिकता प्राप्त उत्पादन, कृषि अनुदान, सहुलियतपूर्ण कृषि कर्जाका लागि सहजीकरणमा नगरपालिकाको भूमिका थप स्पष्ट गरी संशोधन गर्ने र सोही अनुसार नियमावली, निर्देशिका तथा फारमहरु तयार गर्ने ।</td><td>१. ऐन कार्यान्वयनको समिक्षा तथा आवश्यक परिमार्जन ।</td><td>१. नीतिहरूको समीक्षा गरी समयानुकुल परिमार्जन ।</td></tr>
<tr><td colspan="3">रणनीति २. खाद्य तथा पोषण सुरक्षा र कृषिमा व्यवसायीकरणको प्राथमिकताका आधारमा कृषि क्षेत्रको योजनावद्ध विकास गर्ने ।<br>ख. कृषि क्षेत्र आकर्षक रोजगारीको क्षेत्र बन्न नसकिरहेको तथा कृषिमा व्यवसायीकरणको गति सुस्त रहेको सन्दर्भमा नगरलाई खाद्य सुरक्षा र पोषणमा आत्मनिर्भर बनाउन तथा कृषि र पशुपालन क्षेत्रको व्यवसायीकरण र रोजगारीको सृर्जना गर्नका निम्न कार्यक्रमहरूलाई आवधिक प्राथमिकता अनुसार प्रस्तुत गरिएको छ ।</td></tr>
<tr><td>अल्पकालीन (पहिलो ३ वर्ष)</td><td>मध्यकालीन (४ देखि ८ वर्ष)</td><td>दीर्घकालीन (९ देखि २० वर्ष)</td></tr>
<tr><td>१. कृषि तथा पशुपालनमा संलग्न किसान र सम्बन्धित उत्पादन तथा व्यवसाय र सम्वद्ध सेवाको विस्तृत अभिलेख तयार गर्ने ।</td><td>१. कृषि अभ्यास, जग्गा, माटोको किसिम आदिको तथ्याङ्क समेत समावेश कृषक पार्श्वचित्र तयारी र वार्षिक अद्यावधिक गर्ने ।</td><td>१. कृषक पार्श्वचित्र वार्षिक रुपमा अद्यावधिक गर्ने ।</td></tr>
<tr><td>२. कृषिलाई मुल पेशा बनाएका तर आफ्नो उत्पादनले वर्षभरिका लागि अपर्याप्त हुने परिवार र तिनको आवश्यकता पहिचान गरी "हर घर, खाद्य र पोषणमा आत्मनिर्भर" अभियान सञ्चालन गर्ने ।</td><td>२. "हर घर, खाद्य र पोषणमा आत्मनिर्भर" अभियानलाई निरन्तरता दिने ।</td><td>२. निरन्तर ।</td></tr>
<tr><td>३. वार्षिक रुपमा कृषि गणना गरी अन्नबाली, फलफूल, तरकारी लगायतका उत्पादन परिमाण र कुल बजार मुल्य अनुमानको पद्दति संस्थागत गर्ने ।</td><td>३. कृषि तथ्याङ्क गणना र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिने र हरेक वर्ष सबै बालीको उत्पादन वृद्धिको परिमाणात्मक उपलब्धी र लक्ष्य निर्धारण अभ्यासलाई व्यवस्थित गर्ने ।</td><td>३. कृषक पार्श्वचित्रमा आधारित रहेर नगरस्तरीय कृषि उत्पादन योजना (वस्तु, उत्पादन परिमाण, मुल्य अभिवृद्धि आदि समेटिएको) निर्माण र वार्षिक समिक्षा अभ्यास संस्थागत गर्ने ।</td></tr>
<tr><td>४. कृषक समुह/सहकारी प्रतिनिधि र स्थानीय एग्रोभेट, सिँचाइ आयोजना, कृषि क्याम्पस तथा प्राविधिक शिक्षालय तथा नगरपालिकाको सहकार्यमा मल, बिउ, उपकरण र उन्नत खेती प्रणाली सम्बन्धी सचेतना</td><td>४. प्राविधिक सेवा र सचेतना अभियानको अनुभवका आधारमा आवश्यक सुधार सहित निरन्तरता दिने ।</td><td>४. निरन्तर ।</td></tr>
</table>


| | | |
|---|---|---|
| तथा खेत र कृषि पशु फर्ममा प्राविधिक परामर्श सेवा अभियान सञ्चालन गर्ने । | | |
| ५. विभिन्न क्षेत्रको माटो र हाल भइरहेका प्रमुख उत्पादनको अनुकुलताको प्राविधिक अध्ययन गरी माटो अनुसारको बाली सिफारिस तथा बाली अनुकुल माटो सुधार कार्यक्रम कार्यान्वयन गर्ने । | ५. माटोको स्वास्थ्य जाँच तथा माटो सुधार कार्यक्रम कार्यान्वयन गर्ने । | ५. निरन्तर |
| ६. एक वडा एक प्रमुख बाली निर्धारण गरी बाली केन्द्रित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने । | ६. जग्गा प्राप्ति तथा पूर्वाधार विकासमा सम्बन्धित लगानीकर्तालाई सहयोग र सहजीकरण गरी हरेक वडामा विशेष उत्पादनमा आधारित कृषि फर्म स्थापना तथा विस्तार गर्ने । | ६. कृषि तथा पशु फर्म स्थापना र विस्तार कार्यक्रम निरन्तर । |
| ७. कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) तथा क्षतिबाट बचाउन कृषि बिमा तथा कृषि व्यवसायको जोखिम व्यवस्थापन कार्यक्रम अघि बढाउने । | ७. कृषि बिमाका अतिरिक्त जोखिम व्यवस्थापन र लगानी सुरक्षाका थप विकल्प विकास र कार्यान्वयन गर्ने । | ७. किसान तथा कृषि व्यवसाय सुरक्षा तथा संरक्षण कार्यक्रम । |
| ८. धानको न्यूनतम समर्थन मूल्य समयमै तोक्न खाद्य संस्थानसँग आवश्यक समन्वय गर्ने तथा खाद्यान्न भण्डारण गर्न सहजीकरण गर्ने । | ८. निरन्तर । | ८. निरन्तर । |
| ९. स्थानीय कृषि क्याम्पस तथा प्राविधिक शिक्षालयसँग सम्झौता गरी कृषि प्राविधिक सेवाको पहुँच विस्तार गर्ने । | ९. विश्वविद्यालय र प्राविधिक शिक्षालयसँगको सहकार्यमा कृषि व्यवसाय परामर्श तथा प्राविधिक सहयोग कार्यक्रमको निरन्तरता । | ९. निरन्तर |
| १०. केरा, उखु, आलु र दुध लगायत टीकापुर बाहिर निर्यात हुने कृषि उत्पादनको बजारीकरणका लागि निजी क्षेत्रसँग समन्वयात्मक कार्यक्रम सञ्चालन गर्ने । | १०. माछापालन, तरकारी लगायतका थप निर्यात सम्भाव्य वस्तु पहिचान, प्रवर्द्धन र बजारीकरण गर्ने । | १०. स्थानीय कृषि उत्पादनको ब्राण्डिङ र बजारीकरण कार्यक्रम । |
| ११. उत्कृष्ट किसान पहिचान र सम्मान कार्यक्रम | ११. एक वडा एक उत्कृष्ट किसान सम्मान कार्यक्रम | ११. निरन्तर |
| १२. उत्पादकत्व अभिवृद्धिका लागि उन्नत बिउ तथा नश्ल प्रवर्द्धन कार्यक्रम | १२. उन्नत बिउ उत्पादन र पहुँचका लागि सहजीकरण सहित उन्नत बिउ र नश्ल प्रवर्द्धन कार्यक्रम | १२. निरन्तर |
| १३. भूमि बैंक निर्माणको पूर्वतयारीका कार्य गर्ने । | १३. व्यवसायिक कृषि तथा पशुपालन गर्न चाहनेहरुका लागि भूमि बैंक मार्फत जग्गा उपलब्ध गराउने कार्यक्रम । | १३. निरन्तर |
| | १४. बिउ बैक र ब्रिडिङ फार्म स्थापना | |

| | | |
|---|---|---|
| | १५. नदी तटीय क्षेत्रमा वेतबाँस उत्पादन विस्तारको सम्भाव्यता अध्ययन । | |
| **रणनीति ३. कृषि क्षेत्रको आवश्यकतामा आधारित सीप विकास कार्यक्रम सञ्चालन गर्ने ।**<br>ग. कृषि उत्पादनमा संलग्न किसानको सीप विकास तथा दक्ष कृषि प्राविधिक तथा कामदार आपूर्तिमा सहजीकरण गर्न निम्नानुसारका सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ । | | |
| **अल्पकालीन (पहिलो ३ वर्ष)** | **मध्यकालीन (४ देखि ८ वर्ष)** | **दीर्घकालीन (९ देखि २० वर्ष)** |
| १. कृषक पार्श्वचित्र र कृषि तथ्याङ्क तथा उत्पादन योजनामा आधारित रहेर कृषि उपजमा आधारित किसानलाई विशिष्टीकृत तालिम तथा क्षमता विकास कार्यक्रम ।<br>२. विश्वविद्यालय तथा प्राविधिक शिक्षालयसँगको सहकार्यमा एक टोल एक कृषि सहजकर्ता तयारी । | १. कृषि पेशा तथा कृषि व्यवसायमा आधारित सीप तथा क्षमता विकास तालिम ।<br>२. कृषि सहजकर्ता तालिम निरन्तर | १. केरा, धान, गहुँ, आलु, तरकारी, माछापालन, गाई, भैंसीपालन आदि बढी सम्भावना भएका क्षेत्रमा मध्यम अवधिको विशिष्टीकृत तालिममा सहभागिताका सहजीकरण । |

### ४.३. पर्यटन

### क. पृष्ठभूमि

टीकापुर नगरपालिकाले आफ्नो प्राकृतिक स्वरुप तथा स्थानीय जातजातिको कला र संस्कृति जस्ता सम्पदामा आधारित पर्यटनलाई प्राथमिकता दिई नगरलाई कैलाली जिल्लाको पर्यटकीय केन्द्रका रुपमा विकास गर्ने र  नगरबासीलाई पर्याप्त आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्दै समृद्धि हाँसिल गर्ने दुरदृष्टि राखेको छ । प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको टीकापुर नगरपालिका ऐतिहासिक महत्वको साथै यहाँको प्राकृतिक सौन्दर्यता, नदीहरू, धार्मिकस्थलहरू र हरियाली प्राकृतिक रमणियतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण गन्तव्यको रुपमा रहेको छ । यहाँको प्रमुख पर्यटकीय विकल्प तथा गन्तव्यका रुपमा टीकापुर बृहत पार्क, पद्म प्रकाशेश्वर मन्दिर, केरा खेती तथा केरामा आधारित कृषि फर्म, डल्फिन संरक्षण क्षेत्र, कर्णाली नदी, थारु समुदायको संस्कृति, योजनाबद्ध विकासको ऐतिहासिक पक्ष आदि रहेका छन् । पदम प्रकाशेश्वर मन्दिर आदि जस्ता पर्यटक भित्रिने क्षेत्रहरू रहेका छन् ।




**नक्सा ३. टीकापुर नगरपालिकाको पर्यटकीय क्षेत्र**

वि.सं. २०७५ को विवरण अनुसार टीकापुरमा वार्षिक आन्तरिक पर्यटक २२,४५५ र बाह्य पर्यटक १५०० ले भ्रमण गरेको देखिन्छ । पर्यटकहरूको बसोबासका लागि नगर क्षेत्रभित्र ३ वटा रिसोर्टसहित १५ वटा होटलहरू (नन्स्टार) सञ्चालनमा रहेका छन् । बहुसाँस्कृतिक पहिचानयुक्त थारु बाहुल्य यस नगरको आफ्नै विशिष्ट पहिचान रहेको छ । नगर क्षेत्रमा विभिन्न समयमा पर्यटन सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम (मेला, महोत्सव प्रदर्शनी) हुँदै आएका छन् ।

### ख. प्रमुख समस्या

टीकापुर नगरपालिकामा पर्यटन प्रवर्द्धनको नीतिगत व्यवस्था नहुनु र पर्याप्त पूर्वाधार नहुनु नै प्रमुख समस्याका रुपमा रहेका छन् । पर्यटनसँग सम्बन्धित गुरुयोजना नगरपालिकासँग छैन । पर्यटनसँग सम्भावित क्षेत्रमा बजेटको कमी लगायत व्यापक प्रचारप्रसार हुन नसक्नु नै प्रमुख समस्याका रुपमा रहेका छन् । नगर क्षेत्रमा उचित फोहोरमैलाको व्यवस्थापन हुन नसक्नु नै पर्यटन विकासका लागि अर्को प्रमुख समस्याका रुपमा रहेको छ ।

### ग. अवसर तथा चुनौती

ऐतिहासिक धार्मिक र पर्यटकीय स्थलहरूको थप प्रचार प्रसार, पर्यटकमैत्री वातावरणको प्रवर्द्धन तथा थप पूर्वाधारको विकास गर्न सके त टीकापुरको आर्थिक विकास र रोजगारी सृजनामा महत्वपूर्ण योगदान हुन सक्ने देखिन्छ । संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई पर्यटन सम्बन्धी अधिकार प्रदान गरिएको छ । नेपालकै व्यवस्थित बसोबास व्यवस्थासहित स्थापना भएको टीकापुर नगरपालिकामा टीकापुर पार्क, कर्णाली नदी, पद्म प्रकाशेश्वर महादेव मन्दिर र डल्फिन हेर्न मिल्ने मोहना नदी, थारु बाहुल तथा बहुसाँस्कृतिक नागरिकहरूको बसोबास आदिका कारण पर्यटनका प्रचुर सम्भावना छन् । यहाँको केरा खेती, कृषि पर्यटन तथा सामुदायिक वन पर्यावरण पर्यटन प्रबर्द्धनको सम्भावना र अवसरका रुपमा समेत रहेका छन् ।

पर्यटन सम्बन्धी नीति र कार्यक्षेत्रमा तहगत सरकार बिच अन्यौलता रहेको संघ र प्रदेश सरकारले बनाउने पर्यटन सम्बन्धी ऐन कानुन स्थानीय आवश्यकता अनुकुल नहुनु पर्यटन क्षेत्र प्रबर्द्धनका लागि

प्रमुख चुनौतीका रुपमा रहेका छन् । पर्यटकीय पूर्वाधारको कमी, संघीय सरकारबाट भइरहेका विकासका काममा ढिलाई, नदी क्षेत्रमा मोटरबोट सञ्चालन गर्ने जस्ता पर्यटकीय गतिविधि सञ्चालनमा कानुनी अस्पष्टता हटाएर पर्यटन क्षेत्रमा निजी लगानी बढाउने चुनौती पनि नगरपालिकालाई छ ।

**घ. लक्ष्य**

पर्यटन मार्फत स्थानीय आय र रोजगारी प्रबर्द्धन गर्ने

**ङ. उद्देश्य तथा नीतिहरू**

**उद्देश्य १ : पर्यटन क्षेत्रलाई नगरपालिकाको आर्थिक विकासको मेरुदण्डका रुपमा विकास गर्नु ।**

**नीति क.** पर्यटनमा टेवा पुग्ने गरी नगरपालिकाभित्र थारु जातिको भाषा, संस्कृति तथा सम्पदाहरूको संरक्षण तथा प्रचार प्रसार बढाइने छ ।

**नीति ख.** नगरपालिकाभित्र रहेका अमुल्य प्राकृतिक स्रोतहरूको व्यवस्थापन र संरक्षण गरी पर्यटन प्रबर्द्धनमा जोड दिइनेछ ।

**नीति ग.** पर्यटकको सुरक्षाको प्रबन्ध गरी उचित सेवा, सत्कार सहितको पर्यटकीय आवास व्यवस्थापनका लागि निजी क्षेत्र तथा समुदायलाई प्रोत्साहित गरिनेछ । स्टार होटल वा स्टार होटल लगायत समुदायमा आधारित होमस्टे सेवा सञ्चालन गर्नका लागि आवश्यक पूर्वाधार विकास जस्तैः विद्युत ट्रान्सफर्मर, खानेपानी र पहुँच मार्ग आदि निर्माणको लागि प्राथमिकताका साथ बजेट व्यवस्था गरिनेछ ।

**नीति घ.** टीकापुरलाई पर्यटकीय विश्रामस्थलका रुपमा स्थापित गर्न यस क्षेत्रभित्र रहेका सबै औपचारिक तथा अनौपचारिक होटलहरूको वर्गीकरण, न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र प्रमाणीकरणका नियमनको व्यवस्थापन गरिनेछ ।

**नीति ङ.** पर्यटनमा टेवा पुऱ्याउन नगर क्षेत्रभित्रका पर्यटकीय दृष्टिले महत्वपूर्ण तथा पर्यटकले उपयोग गर्ने क्षेत्रहरूलाई सूचिकृत गरी त्यस्ता क्षेत्रको प्रचार प्रसार, सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिई आकर्षक पर्यटन गन्तव्यका रुपमा विकास गरिनेछ ।

**नीति च.** भारतको सीमा क्षेत्र लगायत नेपालका छिमेकी नगरपालिका र निजी क्षेत्रसँगको समन्वयमा टीकापुरको पर्यटन प्रबर्द्धनका लागि आवश्यक समन्वय गरिनेछ ।

**नीति छ.** जलपर्यटन विकासको लागि कर्णाली नदीमा जल नौका, कोरिडोर तथा ग्रिनबेल्ट बनाइनेछ ।

**नीति ज.** प्रमुख पर्यटकीय क्षेत्रमा सडकको पहुँच तथा व्यवस्थित पूर्वाधारयुक्त बनाउन संघ तथा प्रदेश सरकारसँग समवन्य गरिनेछ ।

**नीति झ.** टीकापुरको योजनावद्ध विकासको विगतलाई सिभिल इञ्जिनियर तथा शहरी योजना सम्बन्धी अध्ययन गराउन सम्बन्धित निकायसँग समन्वय गरी यो विषयलाई पनि पर्यटनको विधाका रुपमा विकास गर्दै लगिनेछ ।

**नीति ञ.** बेतबाँसको लागि प्रख्यात सत्ती कर्णाली सामुदायिक वनलाई नमूना सामुदायिक वनका रुपमा स्थापित गरी पर्यटकहरू आकर्षण गरिनेछ । सामुदायिक वनहरूमा बोटानिकल गार्डेन स्थापना गरिनेछ ।

**नीति ट.** टीकापुरलाई कृषि पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न केराखेती लगायत विशिष्ठ कृषि अभ्यासको पहिचान र प्रबर्द्धन गरिने छ ।

**नीति ठ.** विश्वमै दुर्लभ मानिने डल्फिन पाइने नेपालको एकमात्रै स्थलको रुपमा रहेको डल्फिन क्षेत्रलाई आवश्यक प्रचार प्रसार तथा व्यवस्थापकीय कार्यहरू गरिनेछ ।

**च. रणनीति तथा प्राथमिकता**

**तालिका ३ : रणनीति तथा प्राथमिकता तालिका : पर्यटन**

| अल्पकालीन (पहिलो ३ वर्ष) | मध्यकालीन (४ देखि ८ वर्ष) | दीर्घकालीन (९ देखि २० वर्ष) |
|---|---|---|
| **रणनीति १. पर्यटन प्रवर्द्धनको नीतिगत र कानुनी प्रबन्ध गर्ने ।** | | |
| क. टीकापुर नगरपालिकामा पर्यटन प्रबर्द्धनको नीतिगत व्यवस्था छैन । संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई पर्यटन सम्बन्धी अधिकार प्रदान गरिएको भएता पनि ऐतिहासिक, धार्मिक र बहुसाँस्कृतिक पर्यटकीय स्थल रहेको टीकापुर नगरपालिकामा संविधान तथा कानुनले दिएको अधिकार बमोजिम | | |

| |
|---|
| कार्यान्वयन गर्न पर्यटन सम्बन्धी स्पष्ट योजना, नीति, कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा लगिनेछ । त्यसैले पर्यटन प्रवर्द्धनका लागि आवश्यक नीति तथा कार्यक्रमहरू निर्माण गर्नुपर्छ । |

| **अल्पकालीन (पहिलो ३ वर्ष)** | **मध्यकालीन (४ देखि ८ वर्ष)** | **दीर्घकालीन (९ देखि २० वर्ष)** |
|---|---|---|
| १. होटल, रेष्टुरेण्ट, होमस्टेको सेवा मापदण्ड, वर्गिकरणको विधि र प्रक्रिया, पर्यटकीय क्षेत्र व्यवस्थापन, पर्यटन पूर्वाधार विकास, जलयात्रा लगायतका विषय समेटी टीकापुर नगरपालिकाको स्थानीय पर्यटन ऐन तथा नियमावली तयार गर्ने ।<br>२. दीर्घकालीन पर्यटन नीति बनाउने र पर्यटन प्रवर्द्धनको गुरुयोजना तयार गर्ने । | १. पर्यटन नीति तथा विशिष्टीकृत कानुन निर्माण र समयानुकुल परिमार्जन । | १. पर्यटन सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको समीक्षा तथा आवश्यक परिमार्जन । |

| |
|---|
| **रणनीति २. पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास र सेवा प्रवाहको कार्यलाई एकीकृत रुपमा अघि बढाउने ।**<br>ख. नेपालकै व्यवस्थित बसोबास व्यवस्थासहित स्थापना भएको टीकापुर नगरपालिकामा टीकापुर पार्क, कर्णाली नदी, पद्म प्रकाशेश्वर, महादेव मन्दिर र डल्फिन हेर्न मिल्ने मोहना नदी, थारु बाहुल तथा बहुसाँस्कृतिक नागरिकहरूको बसोबास आदिका कारण पर्यटनको प्रचुर सम्भावना रहेको छ । पूर्वाधारको कमी पर्याप्त प्रचार प्रसारको अभावमा आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न सकिरहेको छैन । |

| **अल्पकालीन (पहिलो ३ वर्ष)** | **मध्यकालीन (४ देखि ८ वर्ष)** | **दीर्घकालीन (९ देखि २० वर्ष)** |
|---|---|---|
| १.१. उपयुक्त प्रचार सामग्री तयार गरी नगरमा रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक, साँस्कृतिक पर्यटकीय क्षेत्र तथा टीकापुरको संस्कृति, बडघर सभ्यता, स्थानीय संस्कृति जस्ता विषय समेटिएको प्रचार सामग्री तयारी तथा प्रचार प्रसार गर्ने ।<br>१.२. टीकापुरको पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार र जानकारीका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी राजमार्ग, नजिकका एयरपोर्टहरूमा होडिङ बोर्ड राख्ने तथा टीकापुरभित्रका मुख्य सडकमा कलात्मक भित्तेलेखन ( मुरल) गर्ने ।<br>१.३. कर्णाली नदीको धार्मिक महत्वको प्रचार प्रसार तथा अन्य धार्मिक गन्तव्य सहितको एकीकृत धार्मिक पर्यटन प्रवर्द्धन कार्यक्रम गर्ने ।<br>३. सावर्जनिक स्थल तथा पर्यटकीय क्षेत्र र स्थान निर्धारण गरी सेवा प्रदायकसँगको समन्वयमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउने ।<br>४. टीकापुर साँस्कृतिक संग्रहालय निर्माणको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने ।<br>५. टीकापुर पार्कलाई निजी, सार्वजनिक, साझेदारी विधिबाट सञ्चालनका लागि अध्ययन गर्ने । | १. बहु माध्यम र विधिबाट टीकापुरको पर्यटकीय गन्तव्य, क्षेत्र र सेवाको प्रचार प्रसारलाई निरन्तरता दिने ।<br>१.२. . पर्यटकीय स्थलहरुमा सो स्थलको विस्तृत विवरण र अन्य गन्तव्यको जानकारी सहितका डिजिटल सूचना बोर्डहरुको व्यवस्था तथा सडक क्षेत्रमा कलात्मक भित्तेलेखन (मुरल) बनाउने ।<br>३. निर्धारित प्रमुख पर्यटकीय स्थलमा निःशुल्क इन्टरनेट सेव सहित नगरका प्रमुख पर्यटकीय क्षेत्रमा सार्वजनिक शौचालय तथा अन्य आधारभूत पूर्वाधारको व्यवस्था गर्ने ।<br>४. थारु संस्कृतिसहित टीकापुरको मौलिक कला, संस्कृति, भेषभुषा आदि झल्कने गरी टीकापुर संग्रहालय निर्माण गर्ने ।<br>५. टीकापुर पार्कको स्वरुप परिवर्तन नहुने र स्थायी संरचना नबन्ने गरी साइकल ट्रयाक निर्माण लगायतका अस्थायी संरचना तयारी र सेवा विस्तार र बोटनिकल गार्डेनका रुपमा विकास र सञ्चालन गर्ने । | १. निजी क्षेत्रसँगको सहकार्यमा टीकापुरको पर्यटकीय विकल्प, पर्यटन प्याकेज सेवासहितको डिजिटल र अन्य प्रचारात्मक सामग्री तयारी सहित नेपाल र भारतीय पर्यटक लक्षित प्रचार प्रसार गर्ने ।<br>१.२. राजमार्ग क्षेत्रमा टीकापुरको पर्यटकीय गन्तव्यहरुको प्रचारात्मक सामग्री (मुरल ) राख्ने ।<br>४ टीकापुर साँस्कृतिक संग्रहालयको व्यवस्थित सञ्चालन ।<br>५. टीकापुर पार्क र कर्णाली नदी करिडोर लक्षित एकीकृत पर्याटन पूर्वाधार तथा सेवा विस्तार कार्यक्रम ।<br>६. निरन्तर |

| | | |
|---|---|---|
| ६. चिसापानीदेखि वडा नं. ८ को श्रीलंकासम्म ग्रीनबेल्ट र रिसोर्ट स्थापनाका साथै Cycling, Horse Riding, Rafting लगायतका परियोजना सञ्चालनको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रस्ताव तयार गर्ने ।<br>७.१. समुदायमा आधारित होमस्टे सञ्चालनका लागि उपयुक्त स्थानहरूको अध्ययन र विश्लेषण गर्ने र स्थापनाका लागि सहजीकरण गर्ने ।<br>७.२. राजी, माझी, थारु, मगर समुदाय आदिलाई समुदायमा आधारित होमस्टे सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम दिन तथा होमस्टे सुरुवातका लागि सहजीकरण गर्ने ।<br>८. प्रमुख पर्यटकीय स्थानहरूमा सडकको पहुँच पुऱ्याउने, केराखेती तथा टीकापुरको कृषि उत्पादन सम्बन्धी अध्ययन अनुसन्धानका लागि कृषि पर्यटन प्याकेज बनाई कार्यान्वनका लागि निजी क्षेत्र तथा कृषि समुहहरूसँग समन्वय गर्ने ।<br>९. टीकापुर बजार सौन्दर्यीकरण कार्यक्रम<br>१०. स्थानीय मौलिक कला, भेषभुषा तथा संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम । | ६. सम्भाव्यताका आधारमा चिसापानीदेखि वडा नं. ८ को श्रीलंकासम्म ग्रीनबेल्ट र रिसोर्ट स्थापना गरी cycling, horse riding, rafting को पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने ।<br>७. समुदायमा आधारित कम्तीमा ४ वटा होमस्टे सञ्चालनका लागि आवश्यक सहजीकरण गर्ने (राजी, माझी, थारु, मगर समुदायको)<br>८. पर्यटकीय गन्तव्य लक्षित पूर्वाधार विस्तार तथा सुधार कार्यक्रम ।<br>९. टीकापुर सौन्दर्यीकरण कार्यक्रम<br>१०. निरन्तर<br>११. सत्ती कर्णाली सामुदायिक वन लगायत अन्य पर्यटकीय क्षेत्र नजिक भएका सामुदायिक वनलाई बोटानिकल गार्डेनका रुपमा विकास गर्ने ।<br>११. संघ र प्रदेश सरकारको समन्वयमा शहरी योजना अध्ययन र अनुसन्धान क्याम्पस स्थापनाका लागि आवश्यक प्रक्रिया अघि बढाउने । | ७. कम्तीमा एक वडा एक होमस्टे सञ्चालनका लागि सहजीकरण गर्ने ।<br>८. निरन्तर<br>९. निरन्तर<br>१०. निरन्तर<br>११. निरन्तर |

### ४.४. उद्योग र वाणिज्य

#### क. पृष्ठमूमि

नगर क्षेत्रभित्र सञ्चालनमा रहेका थोक तथा खुद्रा व्यापार व्यवसायहरू समेत नगरपालिकाको प्रमुख आर्थिक गतिविधि हुन् । नगर पार्श्वचित्र २०७५ का अनुसार टीकापुर नगरपालिका क्षेत्रभित्र १० वटा बजार केन्द्र रहेका छन् भने यस क्षेत्रमा २०२ वटा साना घरेलु उद्योगहरू रहेका छन् । नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न किसिमका उद्योग व्यवसायको संख्या १,६७७ रहेको छ । धेरैजसो व्यवसायहरू थोरै पुँजी र स्वरोजगारमुलक आर्थिक क्रियाकलापका रुपमा सञ्चालित छन् । कृषि प्रशोधनमा आधारित धान मिल, तोरी मिल, फर्निचर तथा कत्था उद्योग, वेतबाँस र हस्तकलाका सामग्री उत्पादन, केराको चिप्स, अचार जस्ता घरेलु उद्योग, छपाई उद्योग, कम्पोष्ट मल, गड्यौला मल उत्पादन जस्ता उद्योग प्रमुख उत्पादनमुलक उद्योग हुन् ।

#### ख. प्रमुख समस्या

विगतमा स्थापित धान, चिउरा, तेलका ठूला उद्योगहरु बन्द भएका छन् । योजनावद्ध विकासको योजना अनुसार निर्धारण गरिएको औद्योगिक क्षेत्रमा उद्योगहरुको स्थापना र विकास नभई आवासीय क्षेत्रमा परिणत हुनु, उद्योग व्यवसायका लागि पर्याप्त जग्गाको अभाव, अन्य क्षेत्रसँगको कमजोर आवद्धता र अपर्याप्त पूर्वाधार टीकापुरमा उद्योग वाणिज्य क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । केरा, आलु, धान, जस्ता उत्पादनमा आधारित प्रशोधन उद्योगको विकास अपेक्षित रुपमा हुन सकेको छैन । नयाँ

उद्योग शुरु गर्ने र उद्यमशीलता विकास गर्ने कार्य अपेक्षित रुपमा हुन नसक्दा उद्योग व्यवसाय क्षेत्रबाट उल्लेख्य रोजगारी सृर्जना हुन नसकेको अवस्था छ ।

**ग. अवसर र चुनौती**

टीकापुरको प्रसिद्ध केराको फल, बोक्रा तथा बोटलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगहरुको स्थापना र प्रवर्द्धनका लागि टीकापुरका लागि उपयुक्त अवसर रहेको छ । धान, गहुँ, काठ तथा बेतबाँस एवं स्थानीय पहिचानयुक्त घरेलु तथा हस्तकलाका सामान उत्पादनको प्रबर्द्धन गर्ने पनि उच्च सम्भावना रहेको छ । भू- उपयोग योजना मार्फत उद्योग क्षेत्र निर्धारण, संरक्षण र विकासको सम्भावना पनि उच्च छ । व्यवसाय तर्फ कृषि हाट, फलफूल तरकारी तथा माछा मासु लगायतको व्यापारलाई पनि लाभदायक क्षेत्रको रुपमा अघि बढाउने अवसर छ ।

नेपाल भारत खुल्ला सिमाना र नजिकैको सीमा बजारमा नेपालको भन्दा सस्तो वस्तु उपलब्ध हुने भएकाले यहाँको व्यापार व्यवसाय सञ्चालनमा चुनौती छ । बाह्य उत्पादनले गर्दा स्थानीय छाला जुत्ता उद्योग विस्थापित हुँदै गएकाले यस्ता उद्योग सञ्चालनलाई निरन्तरता दिने चुनौती रहेको छ । धान र गहुँ जस्ता प्रमुख अन्नबालीलाई औद्योगिक कच्चा पदार्थका रुपमा सीमित मात्रामा मात्र खपत भइरहेको सन्दर्भमा यसमा सुधार गरी मुल्य अभिवृद्धि श्रृंखला विस्तार गर्ने र कृषि मात्र नभई उद्योग र व्यापारको क्षेत्रका रुपमा समेत विकास गर्ने चुनौती छ । बन्द भएका औद्योगिक पूर्वाधार र उपयोग परिवर्तन गरिएका पूर्वाधारलाई पुनः उद्योगको लागि वातावरण निर्माणको चुनौती पनि रहेको छ ।

**घ. लक्ष्य**

औद्योगिक उत्पादनका आधारमा नगरलाई उत्पादनशील नगर बनाउने

**ङ. उद्देश्य तथा नीतिहरू**

*उद्देश्य १ : उद्योग व्यवसायमार्फत आर्थिक वृद्धिमा योगदान तथा रोजगारी सृजना गर्नु ।*

**नीति क**. स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने किसिमका ठूला तथा मध्यम उद्योग व्यवसाय स्थापना र सञ्चालनमा संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**नीति ख**. नयाँ व्यवसाय तथा कारखाना शुरुवात गर्न उपयुक्त भू-उपयोग योजना मार्फत औद्योगिक क्षेत्र निर्धारण गरी सम्बन्धित क्षेत्रका लागि सडक लगायत आवश्यक पूर्वाधार विकास गरिने छ ।

**नीति ग**. कम्तीमा ५० प्रतिशत स्वदेशी कामदारलाई रोजगारी दिने तथा ५० प्रतिशतभन्दा बढी स्थानीय कच्चा पदार्थ उपयोग गर्ने उद्योगलाई व्यवसाय करमा सहुलियत, मुख्य सडकदेखि उद्योगसम्म जाने सडक लगायतका सहयोगी पूर्वाधार विकासमा लगानी तथा लागत साझेदारी जस्ता सहयोग तथा सुविधा उपलब्ध गराइने छ । उद्योग व्यवसायको माग बमोजिम प्राथमिकताका आधारमा नगरबासीलाई सीप विकासमा लगानी गरिने छ ।

**नीति घः** साना तथा घरेलु उद्योगबाट उत्पादन हुने वस्तुहरूलाई प्रोत्साहन गर्न बजारीकरणमा सहयोग गरिने छ । स्थानीयस्तरको कच्चा पदार्थद्धारा वस्तु उत्पादनका लागि कच्चा पदार्थमा अनुदानको व्यवस्था गरिनेछ ।

**नीति ङः** स्थानीयस्तरमा उत्पादन हुने वस्तु उत्पादनका लागि सहुलियत ऋण, अनुदान तथा उत्पादित वस्तुहरूलाई स्थानीयस्तरमै अनिवार्य रुपमा उपभोगका लागि सार्वजनिक निकाय, सामुदायिक तथा निजी विद्यालयहरूसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।

**नीति चः** स्थानीय उद्योग व्यापार व्यवसायीहरूको लगत नवीनतम सूचना प्रविधिमार्फत अद्यावधिक गरी बजार नियमन र अनुगमन गरिनेछ । सबै व्यवसायीहरूको कारोवार विद्युतीय व्यापारमा (E-Commerce) आधारित भई व्यवसाय कारोबारका आधारमा करका दर तोकी कर संकलन गरिनेछ ।

**नीति छः** नगर क्षेत्रभित्र व्यापार व्यवसायको विविधिकरण गरी सबै प्रकारका वस्तु उपलब्ध हुने वातावरण सृजना गरिनेछ । यसका लागि स्थानीय हाटबजारको व्यवस्थासहित सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्ट स्टोर खोल्नका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरी बजारको व्यवस्थापन गरिनेछ ।

**च. रणनीति तथा प्राथमिकता**

**तालिका ४ : रणनीति र प्राथमिकता तालिका : उद्योग र वाणिज्य**

**रणनीति १ : उद्योग व्यवसाय प्रवर्द्धनको स्थानीय नीति तथा कानुन निर्माण**

क. टीकापुर नगरपालिकाले स्थानीय उद्योग सञ्चलन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन, २०७८ र नियमावली, २०७८ मार्फत उद्योग दर्ता, नवीकरण, नियमन, प्रवर्द्धन लगायतको कानुनी प्रावधान र प्रक्रिया स्पष्ट गरेको छ। स्थानीय बजार अनुगमन तथा व्यवस्थापन ऐन, २०७६ र नियमावली २०७७ मार्फत पनि व्यवसाय दर्ता, नवीकरण, सञ्चालन, गुणस्तर मापदण्ड पालना लगायतका विषयलाई व्यवस्थित गरिएको छ। त्यसबाहेक कृषि व्यवसाय प्रवर्द्धन, २०७५ मार्फत कृषि फर्म, थोक तथा खुद्रा बजार, कृषि हाट, संकलन केन्द्र सञ्चालन जस्ता विषयलाई कानुनी रुपमा व्यवस्थित गरेको छ। स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन टीकापुर नगरपालिकाको प्राथमिकता भए पनि उद्योगको स्थापना, सञ्चालन जस्ता विषयलाई व्यवस्थित गर्ने नीति तथा कानुन बनेको छैन। यसलाई दृष्टिगत गरी निम्नानुसारको आवधिक प्राथमिकता निर्धारण गरिएको छ।

| **अल्पकालीन (पहिलो ३ वर्ष)** | **मध्यकालीन (४ देखि ८ वर्ष)** | **दीर्घकालीन (९ देखि २० वर्ष)** |
|---|---|---|
| १. टीकापुर नगरपालिकाको उद्योग वाणिज्य नीति तथा साना तथा घरेलु उद्योग स्थापना र सञ्चालन सम्बन्धी स्थानीय कानुन निर्माण गर्ने।<br>२. भू-उपयोग योजना निर्माण गरी मार्फत उद्योग र व्यवसाय क्षेत्र निर्धारण र उपयोग सम्बन्धी कार्यविधि तयार गर्ने। | १. उद्योग तथा वाणिज्य क्षेत्रको नीति तथा कानुनको समयानुकुल परिमार्जन। | १. उद्योग तथा वाणिज्य क्षेत्रको नीति तथा कानुनको समयानुकुल परिमार्जन। |

**रणनीति २. उद्योग व्यवसायको अद्यावधिक विवरण तयार गरी लक्षित कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने।**

ख. टीकापुर नगरपालिका क्षेत्रभित्र साना उद्योग, व्यापार व्यवसायहरू सञ्चालनमा रहेका छन्। तर सबैको यथार्थ विवरण नगरपालिकासँग छैन। स्थानीय धान र गहुँमा आधारित प्रशोधन उद्योग स्थापनमा मार्फत बजारको समस्या हटाउन सकिने अवस्था रहेको छ। टीकापुरलाई छिमेकी स्थानीय तहको बजार केन्द्रका रुपमा विकास गर्ने गरी मार्ट तथा डिपार्टमेन्ट स्टोर सञ्चालनका लागि निजी क्षेत्रलाई उत्प्रेरित गर्नुपर्ने आवश्यकता देखिन्छ। स्थानीय उत्पादनको प्रवर्द्धन गर्न कोसेली घर सञ्चालन गर्ने जस्ता विधिबाट स्थानीय कृषि र औद्योगिक उत्पादनको प्रवर्द्धन गर्न सकिने देखिन्छ।

यस नगरपालिकामा रहेका बजार भारतीय खुल्ला सीमानाका कारण यहाँको अपेक्षित रुपमा फस्टाउन सकेको छैन। नगरका कतिपय नागरिकहरू आफ्ना दैनिक सरसामानहरू खरिदको लागि पनि भारतको तिकुनियाँ बजार जाने कारणले बजारको अवस्था सामान्य छ। यसर्थ नगरभित्र बजार तथा व्यापार व्यवसायलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिन्छ। यस नगरपालिकाको व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन, उद्योग व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनाका लागि निम्नानुसार आवधिक प्राथमिकता निर्धारण गरिएको छ।

| **अल्पकालीन (पहिलो ३ वर्ष)** | **मध्यकालीन (४ देखि ८ वर्ष)** | **दीर्घकालीन (९ देखि २० वर्ष)** |
|---|---|---|
| १. भू-उपयोग योजना मार्फत औद्योगिक क्षेत्र निर्धारण।<br>२. धान मिल, केरामा आधारित उद्योग लगायत मध्यमस्तरका खाद्य प्रशोधन उद्योगका लागि निजी जग्गा व्यवस्थापन र सहयोगी पूर्वाधार विकासमा सम्बन्धित लगानीकर्ताको अवश्यकताका आधारमा सहयोग गर्ने।<br>३. मुख्य बजार क्षेत्रमा व्यवसायीक भवन (सपिङ) कम्प्लेक्स खोल्नका लागि सम्भाव्यता अध्ययन गर्ने।<br>४. हस्तकलाका सामग्री र स्थानीय कृषि हाटको पूर्वाधार सुधार गरी व्यवस्थित सञ्चालन गर्ने। एक वडा एक कृषि हाटबजार कार्यक्रम सञ्चालन गर्ने। | १. औद्योगिक क्षेत्रका आर्थिक पूर्वाधार विकास र उद्योग व्यवसाय स्थापनामा सहजीकरण गर्ने।<br>३. सम्भाव्यताका आधारमा बजार केन्द्रमा व्यवसायीक भवन निर्माण गरी प्रतिस्पर्धाका आधारमा निजी क्षेत्रबाट सञ्चालन गर्ने। अन्य क्षेत्रमा सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्ट स्टोर खोल्न लगानीकर्तालाई आवश्यक सहजीकरण गर्ने।<br>४. कृषि हाटबजार सञ्चालनलाई थप व्यवस्थित गर्ने। पूर्वाधारयुक्त कृषि थोक तथा खुद्रा बजार विकास गर्ने। | ४. सपिङ कम्प्लेक्स, डिपार्टमेन्ट स्टोर, मार्ट तथा डिजिटल स्टोर स्थापना र सञ्चालनलाई सहजीकरण कार्यक्रम।<br>५. भौतिक र डिजिटल पूर्वाधार सहित हाट बजारलाई आधुनिक कृषि बजारको स्वरुप प्रदान गर्ने। |

| | | |
|---|---|---|
| ५. स्थानीय उत्पादन मात्र बिक्री वितरण गर्ने व्यवसायीक इकाई वा कोशेली घर सञ्चालनका लागि व्यवसाय योजनाका आधारमा शुरु पुँजी प्राप्तिमा सहजीकरण गर्ने ।<br>६. युवा तथा महिलालाई नयाँ उद्यम शुरु गर्न स्टार्टअप तालिम तथा छनौट गरिएका व्यवसायका आधारमा विशिष्टीकृत सीप विकास तथा बजारीकरण तालिम उपलब्ध गराउने ।<br>७. केरा र वेतबाँसमा आधारित साना तथा घरेलु उद्योग तथा हस्तकलाका सामग्री उत्पादन गर्ने तथा जैविक तथा गड्यौला मल, बिउ उत्पादन उद्योग स्थापनाका लागि पुँजीगत अनुदानको व्यवस्था गर्ने ।<br>८. कृषि व्यवसाय, कृषि प्रशोधन उद्योग, पर्यटनस्तरका होटल तथा पर्यटकीय गतिविधि, ठूला कृषि फर्म सञ्चालन आदिमा लगानी केन्द्रित गरी लगानी सम्मेलन गर्ने ।<br>९. जुत्ता तथा केराको रेसामा आधारित कपडा उद्योगको स्थापना र विस्तारको सम्भाव्यता अध्ययन गर्ने ।<br>१०. उपयुक्त स्थान पहिचान गरी टीकापुरको प्रमुख बजार केन्द्रमा सन्ध्याकालीन बजार सञ्चालन गर्ने ।<br>११. युवा र महिला उद्यमी लक्षित डिजिटल मार्केटिङ तालिम सञ्चालन र डिजिटल मार्केटिङका लागि प्राविधिक सहयोग । | ५. विद्यालय, नगरपालिका, स्वास्थ्य संस्था आदिमा स्थानीय रुपमा उत्पादित बेतबाँसका सामग्री लगायत स्थानीय उत्पादन उपयोग र बजार प्रवर्द्धन कार्यक्रम ।<br>६. स्थानीय उत्पादन प्रवर्द्धनका लागि व्यवसायीक संघ संगठनसँगको सहकार्यमा वार्षिक रुपमा उद्यम मेला तथा औद्योगिक प्रदर्शनी आयोजना गर्ने ।<br>७. साना तथा घरेलु उद्योगका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने तथा साना तथा घरेलु उद्योग विकासका लागि कोष स्थापना गर्ने ।<br>८. वार्षिक रुपमा निजी क्षेत्र र लगानीकर्ता सम्मेलित लगानी सम्बाद आयोजना गर्ने ।<br>९. सम्भाव्यताका आधारमा स्थानीय कच्चा पदार्थ प्रयोग हुने तथा अन्य किसिमका जुत्ता र कपडा उद्योग स्थापनाका लागि सहजीकरण गर्ने ।<br>१०. सन्ध्याकालीन बजार स्तरोन्नती , विकास र व्यवस्थापन कार्यक्रम ।<br>११. डिजिटल मार्केटिङलाई सेवा व्यवसायका रुपमा प्रवर्द्धन कार्यक्रम । | ६. निरन्तर<br>७. स्थानीय उत्पादनमा आधारित कृषि तथा औद्योगिक मेला तथा प्रदर्शनी सञ्चालन ।<br>८. वार्षिक रुपमा उद्यमशीलता र लगानी प्रवर्द्धन सम्बाद ।<br>९. नगरपालिका केन्द्रबाट स्टार्टअप र व्यवसाय विकास सेवा सञ्चालन । |

## ४.५. सहकारी

### क. पृष्ठभूमि

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीयस्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोक्न र जीविकोपार्जनका गतिविधि प्रवर्द्धनमा योगदान गरिरहेका छन् । यसका बाबजुत सहकारीको लगानी उत्पादनमुलक क्षेत्रमा लगानी नगरेको र बचत तथा ऋण सहकारीको कार्यप्रक्रिया पारदर्शी नभएको जनगुनासो पनि रहेको छ । नगर पार्श्वचित्र २०७५ अनुसार नगरपालिकामा रहेका ७७ वटा सहकारी संस्थाहरू मध्ये ५९ वटा सक्रिय रहेका छन् बाँकी निस्कृय तथा सञ्चालनमा रहेका छैनन् । प्रायः सहकारीहरूले कृषि व्यवसाय, अटो रिक्सा, वैदेशिक रोजगारी, शिक्षा, स्वास्थ्य आदिमा लगानी गरेको पाइन्छ। २०७५ सालको तथ्याङ्क अनुसार सहकारी क्षेत्रमा २४० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन् ।

### ख. प्रमुख समस्या

स्थानीय सहकारीबाट आयमुलक गतिविधि वा अन्य क्षेत्रमा भएको लगानीको यथार्थ तथ्याङ्क नगरपालिकामा छैन । बचत तथा ऋण सहकारी शहरी क्षेत्रमा केन्द्रित रहेका छन् । सहकारीको लगानी रकम र क्षेत्रका विषयमा स्पष्ट तथ्याङ्क नगरपालिकासँग छैन । सहकारीको संख्यामा वृद्धि भएता पनि उत्पादनमुलक कार्यहरुमा लगानीको कमी देखिनु तथा सहकारीको नियमन प्रभावकारी हुन नसक्नु यस क्षेत्रका समस्याका रुपमा रहेको छ । सहकारीबाट प्रवाह भएको ऋणको साँवा र ब्याज असुलीमा समेत समस्या रहेको छ ।

### ग. अवसर र चुनौती

संविधानतः सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बाको रुपमा लिएकाले सहकारीलाई आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने कार्यलाई संघ तथा प्रदेशको प्राथमिकता अनुकुल अघि बढाउने अवसर रहेको छ । कृषि उत्पादनको संकलन, भण्डार तथा बजारीकरणमा पनि सहकारीको भूमिका बढाउन सकिने अवसर छ । सहकारी मार्फत उत्पादनशील क्षेत्रमा लगानी बढाएर स्थानीय आय र रोजगारी बढाउने अवसर पनि रहेको छ ।

नगरपालिका क्षेत्रमा कार्यरत सबै सहकारीको नगरपालिकाबाट प्रभावकारी नियमन गर्ने तथा सहकारीको लगानीलाई उत्पादनमूलक क्षेत्रमा लगाउनुपर्ने चुनौती रहेको छ। कृषि, उद्योग, पर्यटन जस्ता क्षेत्रमा सहकारीको भूमिका बढाउने गरी क्षेत्रगत सहकारीको विकास तथा बचत तथा ऋण सहकारीमा रहेको बचत सुरक्षा गर्ने र सहकारीको विश्वसनीयता बढाउने चुनौती पनि रहको छ । अर्कातिर विना धितो कर्जा प्रवाह गरिने हुँदा सहकारीको ऋण असुलीमा भइरहेको समस्या हटाउने विषय पनि चुनौतीका रुपमा रहेको छ ।

### घ. लक्ष्य

सहकारीलाई स्थानीय आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने

### ङ. उद्देश्य तथा नीतिहरू

*उद्देश्य ५: सहकारीलाई स्थानीय आर्थिक विकासमा मूलप्रवाहीकरण गर्ने ।*

**नीति क:** स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरूको संस्थागत तथा क्षमता विकास गर्नुको साथै विकासमा सहकारीसँगको साझेदारी र सहकार्यमा जोड दिइनेछ ।

**नीति ख:** आर्थिक रुपमा विपन्न परिवारका लागि कृषि ऋण सरल तवरले उपलब्ध हुने व्यवस्था गरिनुका साथै सहकारीहरूमा तरल अवस्थामा रहेको पूँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने प्रबन्ध गरिनेछ ।

**नीति ग:** सबै परिवारलाई सहकारीमा पहुँच हुने गरी सहकारी संस्थाको व्यवस्था, नियमन, संरक्षण र प्रबर्द्धन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । सहकारीमार्फत कृषि तथा दुग्धजन्य उत्पादनको खरिद बिक्री प्रक्रियालाई सरलीकरण गरी उत्पादक तथा उपभोक्ताको हित गरिनेछ ।

**नीति घ:** सहकारी सम्बन्धी स्थानीय सहकारीहरूलाई विधिसम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकीकृत तथ्याङ्क निर्माण र अद्यावधिक गरिनुका साथै अनलाइन माध्यमबाट प्रभावकारी नियमन गरिनेछ ।

**नीति ङ:** स्थानीय सहकारी संस्थाका पदाधिकारी, कर्मचारीहरूलाई लक्षित गरी सहकारी शिक्षाको माध्यमबाट सहकारी व्यवसाय प्रबर्द्धन गरिनेछ । सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सम्बन्धित सहकारी संस्थाहरूलाई जिम्मेवार बनाइने छ ।

**नीति च.** कृषिजन्य तथा दुग्धजन्य वस्तुहरूको संकलन, प्रशोधन तथा बजार व्यवस्थापन कार्यलाई प्रोत्साहन गर्न सहकारीको अवधारणामा उद्योगको स्थापना तथा सञ्चालनका लागि पहल गरिनेछ। उद्यम सहकारी र पर्यटन सहकारी स्थापनामा जोड दिइनेछ ।

**नीति छ:** सहकारी गाभ्ने/गाभिने (मर्जर) कार्यलाई प्रोत्साहित गरिनेछ ।

**नीति ज:** विद्युत सहकारीको भूमिकालाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक सहजीकरण गरिने छ ।

### च. रणनीति र प्राथमिकता

**तालिका ५ : रणनीति र प्राथमिकता तालिका : सहकारी**

<table>
<tr><td colspan="3">रणनीति १. सहकारी सम्बन्धी कानुनी प्रबन्धमा समयानुकुलन परिवर्तन<br>क. टीकापुर नगरपालिकाले सहकारी ऐन २०७५ र नियमाली २०७७ बमोजिम सहकारी दर्ता, नवीकरण, अनुगमन, नियमन जस्ता कार्य गरिरहेको छ । हाल नगरपालिकामा रहेका सहकारीहरूको बचत तथा ऋण लगायत उत्पादन तथा आयमूलक क्षेत्रमा के कति लगानी भइरहेको छ, सो को स्पष्ट सूचना नगरपालिकासँग छैन । सहकारीको पुँजीलाई विषयगत क्षेत्र तथा अन्य उत्पादन क्षेत्रमा केन्द्रीकृत गरी प्रभावकारी रुपमा सञ्चालन र नियमनका गर्नु आवश्यक छ । सहकारीले व्यवसाय योजना बनाउने, कार्यान्वयन गर्ने र अद्यावधिक गर्दै जानुपर्ने विषयलाई कानुनी रुपमा व्यवस्थित गर्नुपर्ने अवस्था छ । सहकारीको प्रभावकारी नियमन र कार्य प्रभावकारिता विस्तारका लागि निम्नानुसार कानुनी र नीतिगत सुधारको प्राथमिकता निर्धारण गरिएको छ ।</td></tr>
<tr><td>अल्पकालीन (पहिलो ३ वर्ष)</td><td>मध्यकालीन (४ देखि ८ वर्ष)</td><td>दीर्घकालीन (९ देखि २० वर्ष)</td></tr>
<tr><td>१. सहकारीको कार्यक्षेत्र, लगानी र आर्थिक विकासमा मुल प्रवाहीकरणका लागि सहकारी नीति तर्जुमा ।<br>२. सहकारीहरूका लागि व्यावसायिक योजना निर्माणको प्रारुप र तयारी विधि सहितको नमूना दिग्दर्शन र निर्देशिका जारी गर्ने ।</td><td>१. सहकारी नीति तथा कानुनमा समय सापेक्ष परिमार्जन ।</td><td>१. सहकारी सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको अवस्था अध्ययन गरी समयानुकुल संशोधन र परिमार्जन गर्ने ।</td></tr>
<tr><td colspan="3">रणनीति २ सहकारीको नियमन र प्रवर्द्धन गर्ने ।<br>ख. सहकारीहरू सहकारीका सिद्धान्त तथा सदस्यको अधिकतमा हितमा केन्द्रित भएर सञ्चालन हुन सकिरहेका छैनन् । प्रभावकारी अनुगमन, नियमन र सुपरिवेक्षण हुन नसक्दा बचत तथा ऋण र बहु-उद्देश्यीय सहकारीप्रतिको विश्वास कम हुँदै गएको छ । दिगो विकासको लक्ष्य बमोजिम नगर क्षेत्रभित्रका न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ताको सहकारीमा पहुँच अभिवृद्धि गर्न आवश्यक रहेको छ । सहकारीबाट आर्थिक तथा सामाजिक विकासमा परिचालन गर्न, समुदायमा आधारित लोकतान्त्रिक स्वायत्तता र स्वशासित संगठनका रुपमा सहकारीको विकास गर्न र नगरपालिकाबाट प्रभावकारी नियमनका लागि सहकारीका क्षेत्रमा निम्नानुसारका कार्यलाई प्राथमिकतामा राखिएको छ ।</td></tr>
<tr><td>अल्पकालीन (पहिलो ३ वर्ष)</td><td>मध्यकालीन (४ देखि ८ वर्ष)</td><td>दीर्घकालीन (९ देखि २० वर्ष)</td></tr>
<tr><td>१. सबै वडाका सहकारी सञ्चालक र कर्मचारीहरूका लागि सहकारी शिक्षा तथा व्यावसायिक योजना निर्माण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।<br>१.१. सहकारी शिक्षा तथा नागरिक सचेतना प्रबर्द्धन कार्यक्रम ।<br>२.१. नगर क्षेत्रमा रहेका सबै सहकारीको विस्तृत लगत तयार गर्ने (पुँजी, बचत, क्षेत्रगत लगानी, सञ्चालन व्यवस्थापन, प्रविधिको प्रयोग आदि)<br>२.२. सहकारी संस्थाहरूको विवरण एकीकृत अद्यावधिक तथा अनलाइन मार्फत नियमनका लागि सफ्टवेर निर्माण गर्ने ।<br>३. समान प्रकृतिका सहकारी गाँभ्ने र एक वडा एक विषयगत सहकारी रहने गरी प्रक्रिया अघि बढाउने ।<br>४. उद्यम र पर्यटन सहकारी स्थापनाका लागि सहजीकरण गर्ने ।<br>५. सबै सहकारीले व्यवसाय योजना निर्माण गरी नगरपालिकामा पेश गर्ने प्रबन्ध गर्ने ।<br>६. कृषि सहकारीहरूलाई कृषि उत्पादन तथा बजारीकरण तालिम तथा बजार सम्पर्क विस्तारमा सहजीकरण ।</td><td>१. सहकारी व्यवस्थापन, सहकारी शिक्षा तथा सचेतना प्रबर्द्धन कार्यक्रम ।<br>२. निश्चित सुचकमा आधारित सहकारीको प्रभावकारिता परीक्षण र उत्कृष्ट सहकारी सम्मान कार्यक्रम ।<br>३. एक वडा एक मात्र विषयगत सहकारी रहने गरी सहकारी एकीकरण प्रक्रिया अघि बढाउने ।<br>५. व्यवसायिक योजना कार्यान्वयनको अध्ययन तथा उत्कृष्ट योजना छनोट गरी योजना कार्यान्वयनका लागि पुँजीगत अनुदान ।<br>६. स्थानीय कृषि र गैर कृषि उत्पादन बिक्री वितरणका लागि सहकारी बजार विकास कार्यक्रम ।</td><td>१. सहकारीको शासकीय सुधार तथा क्षमता विकास कार्यक्रमको निरन्तरता ।<br>२. सबै विषयगत क्षेत्र (कृषि, उद्योग, पर्यटन, बचत तथा ऋण, बहुउद्देश्यीय, दुग्ध विकास आदि) बाट उत्कृष्ट सहकारी सम्मान कार्यक्रम ।<br>६. निरन्तर ।</td></tr>
</table>

## ४.६. आर्थिक पूर्वाधार तथा राजश्व परिचालन

### क. पृष्ठभूमि

आर्थिक वर्ष २०८०/८१ मा टीकापुर नगरपालिकाको कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा करिब ९.१७ प्रतिशत रहेको थियो भने बजेटमा चालु खर्चको हिस्सा ६५.८५ प्रतिशत थियो। नगरको आन्तरिक स्रोतले प्रशासनिक खर्च समेत धान्न नसक्ने अवस्था रहेको छ। विगतमा राजश्व बढाउन योगदान गर्नसक्ने पूर्वाधार विकास गरी भाडामा लगाइएकाले नगरपालिकाको नियमित आयस्रोतका रुपमा राजश्व प्राप्त भइरहेको छ। खानेपानी, सरसफाई जस्ता पूर्वाधारबाट नगरपालिकाले नियमित राजश्व प्राप्त गर्न सक्ने तथा सेवाहरु पनि सुधार गर्न सक्ने भए पनि त्यस्ता पूर्वाधार सीमित छन्। पूर्वाधार निर्माणले आर्थिक गतिविधिका साथै स्थानीय राजश्व अभिवृद्धिमा समेत योगदान गर्ने हुनाले यसलाई नगरपालिकाले प्राथमिकतामा राख्दै आएको छ। सार्वजनिक, निजी, साझेदारी मार्फत पूर्वाधार विकासको कार्यलाई सहजीकरण गर्ने विषयलाई प्राथमिकतामा राखेर सार्वजनिक, निजी, साझेदारी कानुन पनि निर्माण गरेको छ। राजश्व सुधारका लागि योजना तथा प्रशासनिक सुधारका कार्यलाई पनि प्राथमिकतामा राखेको छ।

### ख. प्रमुख समस्या

नगरपालिकाको बजेट र खर्चको निर्णयमा संघीय अनुदान माथिको अत्याधिक निर्भरता, आन्तरिक राजश्वको न्यून वृद्धिदर, आर्थिक सम्भाव्य पूर्वाधारको सीमितता र सीमित भौगोलिक क्षेत्रमा केन्द्रित आर्थिक गतिविधिका कारण राजश्वको दायरा सीमित रहनु र बसपार्क, हाट बजार, व्यवसायिक भवन जस्ता पूर्वाधारबाट नियमित र व्यवस्थित रुपमा राजश्व संकलन गर्न सकिएको छैन।

### ग. अवसर र चुनौती

कृषि र पर्यटनका पूर्वाधारको विकास मार्फत दुबै क्षेत्रमा औद्योगिक र व्यवसायिक क्रियाकलाप बढाई आन्तरिक राजश्व विस्तारको अवसर नगरपालिकालाई छ। टीकापुर पार्कको व्यवस्थित सञ्चालन, कर्णाली नदीमा मोटरबोट सञ्चालन, कृषि तथा हाटबजारको व्यवस्थित सञ्चालन जस्ता कार्यमा सार्वजनिक, निजी, साझेदारीको अवधारणा कार्यान्वयनको अवसर नगरपालिकालाई छ। संघ तथा प्रदेश सरकारबाट निर्माण भइरहेका सडक, सिँचाइ, बसपार्क जस्ता पूर्वाधार नगरपालिकाको आर्थिक गतिविधि र राजश्व प्रवर्द्धनको आधारका रुपमा रहेको छ। नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार र क्षेत्रमा आधारित रहेर आन्तरिक राजश्व विस्तारको अवसर पनि नगरपालिकालाई छ।

उपलब्ध पूर्वाधारको व्यवसायिक गतिविधि र राजश्वको आधारका रुपमा प्रभावकारी उपयोगमा ल्याउने चुनौती नगरपालिकालाई छ। सार्वजनिक निजी साझेदारी अवधारणाको व्यवहारिक कार्यान्वयनमा रहेका जटिलता हटाउँदै आर्थिक सम्भाव्य पूर्वाधार विकासको चुनौती पनि नगरपालिकालाई छ। नगरपालिकाको सीमित आन्तरिक स्रोतका कारण बाह्य ऋण लिन र निजी क्षेत्र आकर्षण गरी लगानी अभिवृद्धि गर्नमा समेत नगरपालिकालाई चुनौतीको विषय बनेको छ।

### घ. लक्ष्य

आर्थिक सम्भाव्य पूर्वाधार मार्फत स्थानीय विकासका स्रोतमा स्वनिर्भरता बढाउने।

### ङ. उद्देश्य तथा नीतिहरू

*उद्देश्य १ : आर्थिक सम्भाव्य पूर्वाधारको विकास मार्फत स्थानीय आर्थिक वृद्धि, रोजगारी सृजना र आन्तरिक स्रोत अभिवृद्धि गर्ने।*

**नीति कः** स्थानीय आर्थिक विकासलाई प्रबर्द्धन गर्न आर्थिक पूर्वाधार विकासमार्फत रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धिमा जोड दिइनेछ। यस्ता पूर्वाधारहरूको निर्माण कुल बजेटको (सशर्त अनुदान बाहेक हुन आउने रकम) निश्चित प्रतिशत रकम अनिवार्य रुपमा छुट्याउने नीति अवलम्बन गरी ऋण रकम वा निजी क्षेत्रको रकमलाई समेत प्राथमिकतामा राखी समावेश गरिनेछ।

**नीति खः** रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धि हुने आर्थिक सम्भाव्यता भएका आयोजनाहरूलाई प्राथमिकता दिइनेछ। आयोजना बैंक तयार गरी सोमा समेटिएका आयोजना क्रमशः कार्यान्वयनमा लगिने छ।

**नीति ग:** आर्थिक सम्भाव्यता भएका पूर्वाधार सेवाहरूको विकास, पुनर्निर्माण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रको व्यावसायिकता, उद्यमशीलता, दक्षता एवं नवीनतम सूचना प्रविधिलाई नगरको समग्र विकासमा अधिकतम उपयोग गरिनेछ ।

**नीति घ:** निजी क्षेत्रको लगानी आकर्षित गर्न, सम्पर्क र समन्वय, सहजीकरणका लागि विज्ञसहितको समिति गठन गरी सो को सुझावका आधारमा आर्थिक क्षेत्रका नीति तथा कानुनमा आवश्यक सुधार गरिने छ ।

**नीति ङ:** छिमेकी स्थानीय सरकार समेतका लागि पारस्परिक हितका आधारमा यातायातसहित आधारभूत शहरी पूर्वाधारका सेवाहरू (खानेपानी, फोहोरमैला आदि) विस्तार तथा विकासका कार्यहरू सामुहिक रुपमा गरिनेछ ।

**नीति च:** नगरपालिकाको आन्तरिक स्रोतमा अभिवृद्धि हुने गरी पूर्वाधार विकासमा जोड दिइनेछ । पूर्वाधारलाई सेवा शुल्कमा आवद्ध गरिनेछ ।

**नीति छ:** नगरस्तरीय आर्थिक र अन्य भौतिक पूर्वाधार निर्माण गर्दा आयोजना बैंकबाट मात्र गरिनेछ ।

## ङ. रणनीति र प्राथमिकता

**तालिका ६ : रणनीति तथा प्राथमिकता तालिका : आर्थिक पूर्वाधार विकास तथा राजश्व परिचालन**

| | | |
|---|---|---|
| **रणनीति १. आर्थिक पूर्वाधार विकास र राजश्व अभिवृद्धिका लागि नीतिगत र कानुनी प्रबन्ध गर्ने ।**<br>क. टीकापुर नगरपालिकाले वार्षिक बजेटको १० प्रतिशत आसपास मात्र आन्तरिक राजश्व परिचालन गर्न सकेको तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजश्व बाँडफाँडबाट आर्थिक विकासका प्राथमिकता कार्यान्वयन गर्ने स्रोत अपर्याप्त रहेको छ । यसका लागि आन्तरिक राजश्व अभिवृद्धि तथा सार्वजनिक, निजी, साझेदारी र सह लगानीका विकल्पलाई प्राथमिकतमा राख्नुपर्ने आवश्यकता छ । नगरपालिकाले सार्वजनिक, निजी, साझेदारी (सानिसा) ऐन, २०७८ मार्फत पूर्वाधार विकास लगायतका क्षेत्रमा सार्वजनिक, निजी, साझेदारी अघि बढाउने कानुनी आधार तय गरेको छ । यद्यपि नियामावली तथा सानिसा कार्यान्वयनको विधि स्पष्ट पार्नु आवश्यक देखिएको छ । यसका लागि नीतिगत र कानुनी प्रबन्धका लागि निम्न प्राथमिकता तय गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो ३ वर्ष)** | **मध्यकालीन (४ देखि ८ वर्ष)** | **दीर्घकालीन (९ देखि २० वर्ष)** |
| १. सार्वजनिक, निजी, साझेदारी नियमावली, मनसाय पत्रको नमूना लगायत सानिसा फारम तथा निर्देशिका तयारी गर्ने ।<br>२. अन्तर पालिकास्तरको साझेदारीतामा निर्माण गर्न सकिने पूर्वाधार व्यवस्थापन सम्बन्धी आवश्यक कार्यविधि बनाउने ।<br>३. राजश्व नीति सहितको राजश्व सुधार कार्ययोजना तयार गर्ने ।<br>४. स्थानीय आर्थिक विकास तथा पूर्वाधार लगानी र सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधि तयार गर्ने ।<br>४. योजना मुल्यांकन तथा प्राथमिकीकरण विधि सहितको स्थानीय बजेट तर्जुमा दिग्दर्शन तयार गर्ने ।<br>५. विभिन्न कारणले राजश्वको दायरामा नआएका व्यवसाय, फर्म तथा क्रियाकलापलाई आर्थिक ऐन मार्फत राजश्वको दायरामा ल्याउने । | १. सार्वजनिक, निजी, साझेदारी कानुनको समय सापेक्ष परिमार्जन गर्ने ।<br>३. राजश्व सुधार योजना कार्यान्वयनको समीक्षा तथा अद्यावधिक गर्ने । | ३. राजश्व सुधार योजना कार्यान्वयनको समीक्षा तथा अद्यावधिक गर्ने । |
| **रणनीति २. आर्थिक पूर्वाधार विकास कार्यलाई योजनावद्ध रुपमा अघि बढाउने ।**<br>ख. नगरस्तरीय ठूला पूर्वाधारका योजनाहरूलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न माथि उल्लेख भए बमोजिम नगरपालिकाले नीति तथा कानुनको तर्जुमा, जग्गाको व्यवस्थापन, आर्थिक लाभ तथा रोजगारी उपलब्ध गराउने खालका सम्भाव्य पूर्वाधारका क्षेत्रहरूको पहिचान आदि कार्यका लागि विज्ञ टोलीको आवश्यकता पर्दछ । यस्ता खालका ठूला आयोजनाहरू बहुवर्षिय हुने र सो को प्रभावकारी र नतिजान्मुख कार्यान्वयनका लागि पुँजीगत लगानी योजना Capital Investment Plan तथा मध्यकालीन खर्चको संरचना (Mid Term Expenditure Framework-MTEF) जस्ता वित्तीय औजारको प्रयोग गर्नुपर्ने हुन्छ । हालको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, | | |

| |
|---|
| २०७४ ले समेत मध्यकालीन खर्च संरचनालाई स्थानीय तहमा अनिवार्य रुपमा लागु गर्नुपर्ने कानुनी व्यवस्था गरेकाले सो को कार्यान्वयन गर्न आवश्यक देखिन्छ । <br>हाल आन्तरिक आयबाट पुँजीगत खर्चमा भन्दा पनि बढी चालु क्षेत्रमा खर्च भइरहेकाले आन्तरिक आयको अभिवृद्धि सँगसँगै पुँजीगत क्षेत्रमा लगानी बढाउन आवश्यक देखिन्छ । नगरमा पुँजीगत क्षेत्रमा लगानीको अभिवृद्धि सँगसँगै आर्थिक वृद्धि हुन गई आन्तरिक स्रोत समेत बढ्दै जान्छ । हाल नगरपालिकाले सबै करदातालाई करको दायरामा ल्याउन नसकेको सन्दर्भमा सूचना प्रविधिको प्रयोगमार्फत तथ्याङ्कको अद्यावधिक सहित राजश्व संकलन गर्नुपर्ने भएकाले राजश्व प्रशासनको सुदृढीकरण र सूचना प्रविधिको उपयोग मार्फत आन्तरिक स्रोत अभिवृद्धि गर्नु आवश्यक देखिन्छ । यस आधारमा आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ । |

| **अल्पकालीन (पहिलो ३ वर्ष)** | **मध्यकालीन (४ देखि ८ वर्ष)** | **दीर्घकालीन (९ देखि २० वर्ष)** |
|---|---|---|
| १. सार्वजनिक, निजी, साझेदारी कानुन बमोजिम आर्थिक पूर्वाधार निर्माणका सम्भाव्य आयोजनाको प्ररम्भिक सूचि तयार गर्ने र निर्माणका लागि निजी क्षेत्रबाट मनसाय पत्र संकलन गर्ने र नमूना आयोजना शुरुवात गर्ने । <br>२. सबै किसिमका नगरस्तरीय पूर्वाधारका सम्भाव्य आयोजना समेटिएको परियोजना बैंक विकास गर्ने र सो मा आधारित रहेर पूर्वाधार विकास तथा सुधार योजना बनाउने । <br>३. नगरपालिकाको डिजिटल पार्श्वचित्रमा आवश्यक परिमार्जन गरी सबै परिवारलाई करदाता संकेत प्रदान गर्ने । <br>४. बृहत् योजना, आयोजना बैंक तथा पूर्वाधार सुधार योजनालाई मध्यमकालीन खर्च संरचनामा आवद्ध गर्ने । <br>५. राजश्व सुधार कार्ययोजनामा आधारित रहेर करदाता शिक्षा, राजश्व प्रशासन सुधार, राजश्व सम्बन्धी खरिद योजना तयारी र कार्यान्वयन, अनुगमन, संकलन अभियान आदि कार्यक्रम अघि बढाउने । | १. सार्वजनिक, निजी, साझेदारीका आधारमा कृषि, उद्योग र पर्यटन क्षेत्रका नमूना पूर्वाधार आयोजना अघि बढाउने । <br>२. नगरपालिकाको प्राथमिकतामा आधारित रहेर आपसी समन्वयमा छिमेकी स्थानीय तहसँग पारस्परिक हित बमोजिम गर्न सकिने पूर्वाधार ( शीत भण्डार, चिस्यान केन्द्र, सरसफाई केन्द्र आदि) का आयोजनाको सूचि तयार गर्ने । <br>३. करदाता नक्सांकन र करदाता सूचना प्रणालीको कार्यान्वयन गर्ने । <br>४. निरन्तर <br>५. राजश्व सुधार कार्ययोजनामा आधारित कार्यक्रम । | १. सार्वजनिक, निजी, साझेदारीमा कार्यान्वयन हुन सक्ने परियोजनाको सूचि संक्षेपीकरण गरी कार्यान्वयनलाई निरन्तरता दिने। <br>२. अन्तर स्थानीय तह र अन्तर सरकार सहलगानीका सम्भाव्य पूर्वाधार कार्यक्रम अघि बढाउने । <br>५. राजश्व सुधार कार्ययोजनामा आधारित कार्यक्रम । |

### ४.७. स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकास

**क. पृष्ठभूमि**

टीकापुर नगरपालिकामा आर्थिक विकास शाखा, कृषि शाखा, पशुसेवा शाखा सहित आर्थिक विकासका कार्यक्रम तथा सेवा प्रवाहका संस्थागत संरचना रहेका छन् । कार्यपालिका अन्तर्गत रहेको आर्थिक विकास समिति पनि आर्थिक विकासका नीति तथा कार्यक्रम अघि बढाउने संयन्त्रका रुपमा काम गरिरहेको छ । आर्थिक विकासका उपक्षेत्र अन्तर्गत उद्योग र वाणिज्य तथा पर्यटन क्षेत्रको जिम्मवारी निर्धारण र जनशक्ति व्यवस्थापन हुन सकेको छैन । यद्यपि विभिन्न शाखा तथा संयन्त्र मार्फत आर्थिक विकासका कार्य भने अघि बढिरहेका छन् ।

**ख. प्रमुख समस्या**

नगरपालिकामा आर्थिक विकास शाखा र अन्य आर्थिक क्षेत्रका शाखा एवं उपशाखासँगको अन्तर सम्बन्ध स्पष्ट भएको छैन । संगठन तथा व्यवस्थापन सर्वेक्षण नभई बनेका संगठन संरचनाका कारण नगरपालिकाले निर्धारण गरेका आर्थिक विकासका प्राथमिकता र आर्थिक विकास क्षेत्रका शाखा र उपशाखाका जिम्मेवारीका बिचमा असमाञ्जस्यता रहेको छ ।

**ग. अवसर र चुनौती**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दिएको अधिकार क्षेत्र र त्यस अन्तर्गत विकास निर्माण र सेवा प्रवाहले दिएको अधिकारलाई अवसरका रुपमा लिँदै वर्तमान संगठनात्मक स्वरुपमा

आवश्यक परिवर्तन गर्दै आर्थिक विकासका प्राथमिकतालाई प्रभावकारी रुपमा कार्यान्वयनको वातावरण बनाउन सकिने सम्भावना छ ।

सीमित आन्तरिक स्रोत, निजामती सेवाको संघीय र प्रादेशिक कानुन निर्माणमा भइरहेको ढिलाई तथा नगरपालिकाको बहु प्राथमिकताका बिच आर्थिक विकासको उपयुक्त संगठन संरचना तयारी र जनशक्ति व्यवस्थापन गर्ने चुनौती रहेको छ ।

**घ. लक्ष्य**

संस्थागत क्षमता विकास र संस्थागत संरचना सुधार गरी स्थानीय आर्थिक विकासमा प्रभावकारिता हाँसिल गर्ने ।

**ङ. उद्देश्य तथा नीतिहरू**

**उद्देश्य १ : आर्थिक विकासका गतिविधिहरूलाई संस्थागत गरी स्थानीय विकासका कार्यहरूलाई मूलप्रवाहीकरण गर्नु**

**नीति क :** आर्थिक विकास शाखालाई कृषि तथा पशु सेवा, पर्यटन, उद्योग, वाणिज्य तथा सहकारी हेर्ने सबै शाखा तथा संयन्त्रका कार्यलाई समन्वय गर्न सक्ने संयन्त्रका रुपमा विकास गरिने छ । संगठनको वास्तविक स्वरुप निर्धारणका लागि संगठन र व्यवस्थापन सर्वेक्षण गरिने छ ।

**नीति ख :** आर्थिक विकास शाखालाई उद्यमशीलता विकास र लगानी प्रबर्द्धनको समन्वय तथा नगरपालिकाबाट व्यवसाय विकास सेवा उपलब्ध गराउने फोकल इकाईका रुपमा अघि बढाइने छ ।

**नीति ग :** आर्थिक क्षेत्र अन्तर्गत आय, रोजगारी, उत्पादन, वस्तु तथा सेवाको बजार, श्रमको माग र आपूर्तिको अवस्था जस्ता विषयमा निरन्तर अध्ययन तथा नीतिगत कार्यमा कार्यपालिकालाई सूचना तथा पृष्ठपोषण उपलब्ध गराउने कार्य शाखाको हुनेछ ।

**नीति घ :** आर्थिक नीति निर्माण तथा कार्यान्वयन, आर्थिक पूर्वाधार विकासको प्राथमिकता पहिचान र आयोजना बैंक तयारी, निजी क्षेत्रसँगको समन्वय र साझेदारी जस्ता विषयमा आर्थिक विकास शाखा र समितिको क्षमता विकासका कार्यक्रम नियमित रुपमा अघि बढाइने छ ।

**च. रणनीति तथा प्राथमिकता**

**तालिका ७ : रणनीति तथा प्राथमिकता तालिका : आर्थिक विकास अन्तर्गत संस्थागत क्षमता विकास**

**रणनीति १. आर्थिक विकासका कार्यलाई प्रभावकारी बनाउने गरी संस्थागत क्षमता विकास गर्ने ।**

क. नगरपालिकामा आर्थिक विकास शाखा रहेको भए पनि आर्थिक विकासको समग्र पक्षको समन्वय र व्यवस्थापनको भूमिका निर्वाह गर्न सक्ने गरी जनशक्ति र तथा पूर्वाधारयुक्त शाखाको रुप यसले पाएको छैन । शाखा अन्तर्गत सहकारी प्रबर्द्धन उपशाखा, उपभोक्ता हित संरक्षण प्रबर्द्धन उपशाखा र उद्योग व्यवसाय प्रबर्द्धन उपशाखा गरी ३ वटा उपशाखा रहेका भए पनि एकजना वरिष्ठ अधिकृत मात्र शाखामा कार्यरत रहेको तथा शाखाको विस्तृत जिम्मेवारी निर्धारण भएको छैन । पर्यटन क्षेत्रलाई आर्थिक विकास वा अन्य कुनै पनि शाखामा समेटिएको छैन । नगर कार्यपालिका अन्तर्गतको आर्थिक विकास समितिलाई क्रियाशील रहेको छ तर पर्यटन, उद्योग, वाणिज्य, आर्थिक पूर्वाधार जस्ता विषयलाई आफ्नो कार्य क्षेत्रका रुपमा अघि बढाउन समिति र शाखा दुबै असमर्थ रहँदै आएका छन् । कृषि र पशुसेवा शाखामा भएको दरबन्दी समेत रिक्त रहेको अवस्था छ । प्राविधिक जनशक्ति भए पनि दुबैमा विशेषज्ञ जनशक्तिको अभाव रहँदा कृषि तथा पशुपालक किसानले नगरपालिकाबाट विशेषज्ञ सेवा प्राप्त गर्न सकिरहेका छैनन् । आर्थिक विकास शाखा र आर्थिक विकास समितिको जिम्मेवारीमा स्पष्टता ल्याउनु पर्नेछ । आर्थिक नीति तथा योजना निर्माण र कार्यान्वयनको क्षेत्रमा अभिवृद्धिलाई निरन्तर रुपमा अघि बढाउनु पर्ने आवश्यकता समेत देखिएको छ । यस पृष्ठभूमिमा आर्थिक विकासका कार्यको प्रभावकारिता विस्तारका लागि संस्थागत क्षमता विकासका प्राथमिकता निम्नानुसार निर्धारण गरिएका छन् ।

| अल्पकालीन (पहिलो ३ वर्ष) | मध्यकालीन (४ देखि ८ वर्ष) | दीर्घकालीन (९ देखि २० वर्ष) |
|---|---|---|
| १. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आर्थिक विकास शाखाको संरचना र जनशक्ति निर्धारण गर्ने । सो कार्य सम्पन्न हुनु अघि आर्थिक विकास शाखाको विस्तृत सेवा शर्त निर्धारण गरी आर्थिक विकास अन्तर्गत पर्यटन र उद्योग वाणिज्य क्षेत्रको विस्तृत कार्य विवरण तयारी गरी उपलब्ध जनशक्ति मध्येबाट | १. आर्थिक विकास शाखामा सबै उपक्षेत्रमा अधिकृतस्तरको जनशक्ति व्यवस्थापन गर्ने । | १. आर्थिक विकास शाखामा आवश्यकता अनुसार इकाई तथा जनशक्ति थप गर्ने । |

| | | |
|---|---|---|
| आर्थिक विकास शाखामा जिम्मेवारी दिने ।<br><br>२. कृषि तथा पशु सेवा शाखाको रिक्त दरबन्दी परिपूर्ति गर्ने ।<br>३. आर्थिक विकास समितिलाई पर्यटन सम्बन्धी जिम्मेवारी पनि दिने र आर्थिक विकास शाखा अन्तर्गत पर्यटन डेस्क स्थापना गर्ने ।<br><br>४. स्थानीय तरकारी तथा फलफूल लगायतका उत्पादनको वैज्ञानिक मुल्य निर्धारणका लागि उत्पादक कृषक, स्थानीय व्यवसायी र नगर प्रतिनिधि सम्मिलित एक न्यूनतम समर्थन मुल्य निर्धारण समिति गठन गर्ने ।<br><br>५. आर्थिक विकास समिति, शाखा तथा सम्बन्धित अन्य शाखाका लागि आर्थिक सर्वेक्षण, आर्थिक सम्बाद, कृषि, पर्यटन तथा व्यवसाय सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने जस्ता विषयमा वार्षिक रुपमा क्षमता विकास कार्यक्रम कार्यान्वयन गर्ने ।<br><br>६. विषयगत सहकारी (कृषि, उद्यम, बहुउद्देश्यीय) को क्षमता विकास र सेवा विस्तार तथा साना तथा घरेलु उद्यमीका लागि व्यवसाय विकास सेवा उपलब्ध गराउन आर्थिक विकास शाखालाई म्यानुअल तयारी तथा प्रशिक्षण सञ्चालन गर्ने ।<br><br>७. नगर कार्यपालिका र सम्बन्धित शाखाका लागि आर्थिक विकासका विभिन्न आयमबारे वार्षिक अनुशिक्षण उपलब्ध गराउने ।<br><br>८. जनप्रतिनिधि, आर्थिक विकास शाखा तथा पूर्वाधारसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई परियोजना विकास, PPP Financing तथा परियोजनाको आर्थिक तथा वित्तीय विश्लेषण सम्बन्धी तालिम उपलब्ध गराउने ।<br>९. जनप्रतिनिधि, आर्थिक विकास शाखा, आर्थिक प्रशासन, पूर्वाधार आदिसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई Capital | २. एक वडाः एक कृषि प्राविधिकको व्यवस्था गर्ने । कृषि तगा पशुको विशेषज्ञ सेवाका लागि कृषि क्याम्पससँग संस्थागत सम्बन्ध स्थापना गर्ने ।<br><br>३. आर्थिक विकास शाखा अन्तर्गत नगरपालिकामा पर्यटन सूचना केन्द्र स्थापना गर्ने ।<br><br>४. मुल्य निर्धारण समितिको कार्यलाई निरन्तरता दिने ।<br><br>५. आर्थिक विकास शाखालाई आर्थिक विकास योजना तथा रणनीति मस्यौदा, आर्थिक गणना, आर्थिक सर्वेक्षण, पर्यटन सूचना व्यवस्थापन जस्ता क्षेत्रमा प्रशिक्षणलाई निरन्तता दिने ।<br><br>६. क्षेत्रगत व्यवसाय योजना निर्माणमा सहजीकरण, वित्तीय पहुँच अभिवृद्धि सेवा, बजारीकरण सेवा जस्ता सेवा प्रवाह गर्न सक्ने गरी सेवा विस्तार गर्ने ।<br><br>७. निरन्तर<br><br>८. निरन्तर<br><br>९. निरन्तर | ५. क्षमता विकासका क्षेत्रगत ( कृषि, पर्यटन, उद्योग वाणिज्य आदि) कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिने ।<br><br>६. कर्मचारी र जनप्रतिनिधिलाई आर्थिक विकासका समग्र पक्षको अनुशिक्षण वार्षिक रूपमा सञ्चालन गर्ने ।<br><br>८. निरन्तर<br><br>९. निरन्तर |

| | | |
|---|---|---|
| Investment Plan तथा MTEF सम्बन्धी तालिम सञ्चालन गर्ने । | | |

## ५. आर्थिक विकास क्षेत्रको आवधिक नतिजा खाका*

आर्थिक विकासका विभिन्न क्षेत्रमा अल्पकाल, मध्यकाल र दीर्घकालमा कार्यान्वयन गरिने नीति, रणनीति तथा कार्यक्रमबाट निम्नानुसार नतिजा हाँसिल हुने प्रक्षेपण रहेको छ । यसका लागि नगर बृहत योजना २०७७ तयार गर्दा गरिएका प्रक्षेपण र शाखागत रुपमा उपलब्ध गुणात्मक तथ्याङ्क र छलफललाई आधार बनाइएको छ ।

### क. कृषि तथा पशुपालन

| उपलब्धी सुचक | २०८०/८१ को अवस्था | प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०८३/८४ | २०८८/८९ | २०००/०१ |
| खाद्य तथा पोषण सुरक्षित घरधुरी (%) | ३४ | ३८ | ५५ | १०० |
| कृषि क्षेत्रमा रोजगारी (%) | २९ | ३० | ३५ | ४२ |
| कृषि क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | १००,००० | १२०,००० | १८०,००० | ३००,००० |
| पशुपालन क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | ४०,००० | ५०,००० | १००,००० | २००,००० |
| व्यावसायिक कृषिबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | २५०,००० | ३००,००० | ७५०,००० | १,५००,००० |
| व्यावसायिक पशुपालनबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | १५०,००० | १७५,००० | ५००,००० | १,०००,००० |
| धानको उत्पादकत्व (मे.ट. प्रति हेक्टर) | ५.२ | ५.८ | ६.८ | ८.८ |
| गहुँको उत्पादकत्व (मे.ट. प्रति हक्टर) | ३.५८ | ४.१८ | ५.१८ | ७.१८ |
| आलुको उत्पादकत्व (मे.ट. प्रति हेक्टर) | १७.५ | १८.१ | १९.१ | २१.१ |
| केराको उत्पादकत्व (मे.ट. प्रति हेक्टर) | २०.४५ | २१.०५ | २२.०५ | २४.०५ |

### ख. पर्यटन

| उपलब्धी सुचक | आधार वर्ष | २०८३/८४ | २०८८/८९ | २०००/०१ |
|---|---|---|---|---|
| वार्षिक आन्तरिक पर्यटक आवगमन संख्या | १५१,८२९ | १७०,००० | २५०,००० | ५००,००० |
| वार्षिक भारतीय पर्यटक आवगमन संख्या | १००० | ५,००० | १०,००० | २५,००० |
| वार्षिक तेस्रो मुलुकका पर्यटक आगमन संख्या | | २०० | १००० | १५०० |
| पर्यटकहरूको बसाई (औसत दिनमा) | १ | १.५ | २ | ३ |

### ग. उद्योग र वाणिज्य

| उपलब्धी सुचक | आधार वर्ष | २०८३/८४ | २०८८/८९ | २०००/०१ |
|---|---|---|---|---|
| साना घरेलु उद्योग संख्या | २५० | २८० | ३५० | ५०० |
| उद्योग व्यवसाय संख्या | २,००० | २,२०० | ३,५०० | ८,००० |
| उद्योग व्यवसायबाट प्रत्यक्ष रोजगारी संख्या | २,४०० | २,६०० | ३,००० | ५,००० |

### घ. रोजगारी

| उपलब्धी सुचक | आधार वर्ष | २०८३/८४ | २०८८/८९ | २०००/०१ |
|---|---|---|---|---|
| बेरोजगार प्रतिशत | | २० | १५ | १० |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | १४०० | १५०० | २,००० | ३,००० |

### ङ. सहकारी

* नगर बृहत योजनामा २०७८/८९ का लागि निर्धारित लक्ष्य आ.व. २०८०/८१मा प्राप्त भएको अनुमान गरी प्रक्षेपण गरिएको, उत्पादकत्वका लागि कैलाली जिल्लाको तथ्यांकलाई आधार बनाइएको । पर्यटक आगमनको तथ्यांक टीकापुर पार्क प्रवेशलाई आधार बनाइएको तथा राजस्व र खर्चबाहेक अन्य तथ्यांकका लागि आ.व. २०७८/७९ को लक्ष्य प्राप्त भएको अनुमान गरिएको ।

| उपलब्धी सुचक | आधार वर्ष | २०८३/८४ | २०८८/८९ | २०००/०१ |
|---|---|---|---|---|
| पर्यटन सहकारी संख्या | | ३ | ५ | १० |
| उद्यम सहकारी (उद्यमी महिला, युवा समेत) | | ३ | ५ | १० |

### च. आर्थिक पूर्वाधार तथा राजश्व परिचालन

| उपलब्धी सुचक | आधार वर्ष | २०८३/८४ | २०८८/८९ | २०००/०१ |
|---|---|---|---|---|
| कुल बजेटमा आन्तरिक स्रोतको अंश (प्रतिशतमा) | १० | १२ | १५ | २० |
| कुल बजेटमा पुँजीगत खर्चको अंश (प्रतिशतमा) | ३० | ४० | ५० | ६० |
| सार्वजनिक, निजी, साझेदारीमा विकास र सञ्चालन भएका पूर्वाधार संख्या | | १ | ५ | १० |

## खण्ड दुई

# टीकापुर नगरपालिकाको स्थानीय आर्थिक विकास रणनीति

## (२०८१/०८२ – ०८५/०८६)

*(टीकापुर नगर बृहत् योजना, २०७७ को अन्तर्गत आर्थिक विकासको परिमार्जित नीति तथा प्राथमिकता, २०८१ कार्यान्वयनमा सहजीकरणका लागि तयार पारिएको ।)*

## १. पृष्ठभुमि

टीकापुर नगरपालिकाले योजनावद्ध विकासको अवधारणा कार्यान्वयनका लागि नगर बृहत् योजना २०७७ तयार गरी कार्यान्वयनमा ल्याएको छ । नगरको दुरदृष्टि, लक्ष्य, क्षेत्रगत उद्देश्यहरू, रणनीतिहरू तथा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्राथमिकताहरू समेटिएको बृहत् योजनामा समावेश ५ प्रमुख विषयगत क्षेत्रका योजनाहरू मध्ये आर्थिक विकासका प्राथमिकता कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आर्थिक विकास रणनीति प्रस्ताव गरिएको छ । नगरपालिकाले नगर बृहत् योजना २०७७ अन्तर्गत आर्थिक विकास खण्डलाई परिमार्जन गरी टीकापुर नगरपालिकाको आर्थिक विकास योजना, २०८१ पनि जारी गरिसकेको छ । नगरले आर्थिक विकासका लागि पहिचान गरेका सीप तथा रोजगारी, पर्यटन, उद्योग र वाणिज्य, कृषि तथा पशुपालन, सहकारी र आर्थिक पूर्वाधार तथा राजश्व परिचालन स्तम्भहरू मध्ये टीकापुरमा लगानी प्रवर्द्धन, आय र रोजगारी सिर्जनामा मुख्य भूमिका रहने कृषि तथा पशुपालन, उद्योग तथा वाणिज्य र पर्यटनलाई प्राथमिक क्षेत्रको रुपमा लिई उद्योग व्यवसायहरूको विकास र प्रवर्द्धन मार्फत आय वृद्धि र रोजगारी सिर्जना गर्ने उद्देश्य सहित आर्थिक विकास रणनीति तथा प्राथमिकता तय गरिएको छ । नगरको बृहत् योजना निर्माण कार्यान्वयनका क्रममा आर्थिक विकास शाखा तथा इकाईहरूले सम्बन्धित उपक्षेत्रका विस्तृत कार्ययोजना तयार गर्न र रणनीतिक प्राथमिकता निर्धारण गर्न तथा टीकापुरमा उल्लेखित क्षेत्रमा लगानी गर्न चाहने सम्भाव्य लगानीकर्ताका लागि लगानीको प्राथमिकीकरणमा प्रस्तावित रणनीतिले सहयोग गर्नेछ ।

## २. तयारी विधि

नगरपालिकाको आर्थिक विकासको प्रस्तावित रणनीतिहरू तयार गर्ने क्रममा निम्न प्रक्रिया अवलम्बन गरिएको थियो ।

- तथ्याङ्क तथा सूचना संकलनका कार्य प्रारम्भ गर्नुअघि स्थानीय आर्थिक विकासको अवधारणा तयारी ।
- अवधारणामाथि नगरपालिकाका पदाधिकारीहरू, आर्थिक विकास शाखाका प्रमुख तथा प्रतिनिधिहरूका बिच अन्तरक्रिया र अवधारणामा आवश्यक परिमार्जन ।
- तुलनात्मक लाभका सूचकमा आधारित रहेर तयार गरिएको सूचीका आधारमा जानिफकार अन्तर्वार्ता र सरोकारवाला परामर्श तथा नगरपालिकास्तरीय अन्तरक्रिया ।
- द्बितीयक स्रोतका तथ्याङ्क संकलन तथा विश्लेषण ।
- प्राप्त तथ्याङ्कहरूको एकीकरण, विश्लेषण र त्यसका आधारमा रणनीतिको मस्यौदा तयारी ।
- मस्यौदामाथि नगरपालिका, निजी क्षेत्र, महिला उद्यमी तथा अन्य पक्षसँग छलफल र पृष्ठपोषण संकलन ।
- परिमार्जित मस्यौदा तयारी ।

नगर क्षेत्रको आर्थिक विकासमा स्थानीय सरकार र निजी क्षेत्रले लगानी गर्ने सम्भाव्य क्षेत्र पहिचानका लागि विषयगत रुपमा समूहगत छलफल र जानकार व्यक्तिहरूसँग परामर्श गरिएको थियो । यस क्रममा टीकापुरको तुलानात्मक लाभ पहिचानका लागि निम्न सूचकलाई आधार बनाइएको थियो ।

१. वातावरणीय अनुकूलता
२ उत्पादन परिमाण, उत्पादकत्व गुणस्तर
३. नीतिगत अनुकुलता
४. प्राविधिक ज्ञान तथा प्रविधिको उपलब्धता
५. क्षेत्रीय र स्थानीय सम्बन्ध स्थापना गर्न सकिने सम्भावना
६. उत्पादनको बजार सम्भाव्यता
७. रोजगारी र आयका आधारमा अधिकतम जनसंख्यालाई लाभ पुऱ्याउन सकिने
८. न्यून आय भएका तथा प्राथमिकता प्राप्त समुहहरूलाई समावेश गर्न सकिने सम्भावना


## ३. नगरको वर्तमान आर्थिक अवस्था

"उत्पादनशील, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सुव्यवस्थित पर्यटकीय नगर" टीकापुर नगरको दुरदृष्टि हो । आकर्षक रोजगारीको क्षेत्रको रूपमा कृषि र उद्योग क्षेत्रको विकास गर्ने दीर्घकालीन लक्ष्य राखेको नगरले पर्यटन क्षेत्रको विकासलाई पनि उत्तिकै प्राथमिकतामा राखेको छ । यसका लागि, कला संस्कृतिको संरक्षण र सम्बर्द्धन, कृषि पर्यटन तथा अन्य पर्यटकीय गन्तव्यको विकासलाई प्राथमिकतामा राखेको छ ।

लगभग ११८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको टीकापुर नगरपालिकामा २०७८ को जनगणना अनुसार २०८५२ परिवार बसोबास गर्दछन् । नगरको कुल जनसंख्या ९०,११५ रहेको छ । थारु बाहुल यस नगरमा कुल जनसंख्याको ६१.२१ प्रतिशत १५ देखि ५९ वर्ष अर्थात् आर्थिक रुपमा सक्रिय जनसंख्या छ । यसलाई नगरको आर्थिक विकासको महत्वपूर्ण अवसरका रुपमा लिन सकिन्छ । नगर पार्श्वचित्र (२०७५) का अनुसार आंशिक वा पूर्ण बेरोजगार जनसंख्या, काम गर्ने उमेरका जनसंख्याको ३६.३६ प्रतिशत रहेको छ । पारिवारिक सर्वेक्षणका क्रममा कृषिमा आवद्ध ठूलो संख्याले आफुलाई बेरोजगारको रुपमा प्रस्तुत गरेकाले बेरोजगारको संख्या बढी देखिएको पाइन्छ । यद्यपि नगरको बेरोजगारी दर करिब १५ प्रतिशत रहेको अनुमान छ ।

टीकापुर नगरपालिकामा उद्योग व्यवसाय मुख्यत: वडा नं. १ मा केन्द्रित रहेको तलको नक्सामा देखिन्छ । त्यसबाहेक अन्य केही वडाका मूलत: लम्की खक्रौला सडक आसपासका क्षेत्रमा उद्योग व्यवसायको केही संख्या देखिन्छ । यसले राज्य पुनर्संरचनाका क्रममा टीकापुरमा गाभिएका साविक गाविसका क्षेत्र तथा अन्य ग्रामीण क्षेत्रमा व्यावसायिक गतिविधि कम वा नगन्य मात्रामा रहेको अवस्था छ ।


**नक्सा १ : टीकापुर नगरपालिकामा व्यावसायिक इकाईहरूको अवस्थिति**




नगर पार्श्वचित्र (२०७५) का अनुसार, टीकापुर नगरमा बसोबास रहेका बासिन्दाको औसत वार्षिक आम्दानी रु. ६१,९२३/- छ । यसले न्यून आय रहेका जनसंख्याको बाहुल्यता दर्शाउँछ । बहुसंख्यक परिवारहरू कृषिमा आश्रित हुनु, कृषिमा परम्परागत प्रणाली विद्यमान रहनु, उद्योगहरू नगन्य मात्रामा सञ्चालनमा रहनु, अन्य उद्यम व्यवसायहरू पर्याप्त मात्रामा सिर्जना र विकास हुन नसकिरहेको तथा ठूलो संख्यामा बेरोजगार रहनु जस्ता कारणले औसत वार्षिक आम्दानी कम हुन गएको देखिन्छ । नगर क्षेत्रमा बसोबास गर्नेहरू मध्ये

२९१० परिवारको आयको प्रमुख श्रोत विप्रेषण (वैदेशिक) हो भने २४७५ परिवारको नोकरी हो । १८९४ परिवारले आम्दानीको प्रमुख श्रोतको रुपमा व्यापार व्यवसायलाई मानेका छन् । कृषिपछि सबैभन्दा धेरै परिवार अर्थात ३१५२ (१७%) जिविकोपार्जनको लागि दैनिक ज्यालादारीमा निर्भर छन् भने लगभग ६६ प्रतिशत अर्थात् १२३१५ घर परिवारको आम्दानीको दोश्रो भरपर्दो श्रोत छैन । आम्दानीको श्रोत तथा परिवारहरूको संख्यालाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १. आम्दानीको प्रमुख स्रोतका आधारमा परिवार संख्या (प्रतिशत)**




नगर पार्श्वचित्र २०७५ मा प्रस्तुत तथ्याङ्कका आधारमा तयार पारिएको माथिको स्तम्भ चित्रमा देखाइए अनुसार टीकापुर नगरपालिकाका ३४.४७ प्रतिशत परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ भने १६.९३ प्रतिशत परिवारले दैनिक ज्यालादारीलाई आम्दानीको प्रमुख स्रोत बनाएका छन् । त्यसैगरी बाह्य र आन्तरिक विप्रेषणलाई आम्दानीको मुख्य स्रोत बनाएका परिवार २० प्रतिशतभन्दा (१५.६३ बाह्य र ४.८१ प्रतिशत आन्तरिक) बढी रहेका छन् । व्यापार व्यवसाय र उद्योगधन्दालाई आन्दानीको प्रमुख स्रोत मान्ने परिवार १०.५२ प्रतिशत मात्र छ । नगर पार्श्वचित्र (२०७५) का अनुसार, लगभग ७६ प्रतिशत भन्दा बढी घरधुरी सम्पन्नता सूचकका आधारमा कमजोर अवस्थामा छन् । यसबाट उद्योग व्यवसायको विकास र कृषि क्षेत्रलाई रोजगारमूलक बनाउने कार्यलाई प्राथमिकतामा राखेर नगरले विपन्नता र बेरोजगारी समस्या क्रमशः घटाउँदै लान सक्ने देखिन्छ ।

टीकापुरमा उद्योगहरू न्यून संख्यामा छन् । घरेलु, साना, मझौला र व्यापार व्यवसाय नै यहाँको प्रमुख उद्यम रहेका छन् । प्रायः सबैजसो उद्योग व्यवसाय रू. ५ लाखसम्मको लगानीमा सञ्चालित छन । यद्यपि यी व्यवासायले टीकापुरको रोजगारीमा महत्वपूर्ण योगदान गरेको देखिन्छ । करिब २००० परिवारले उद्योग व्यवसायलाई आम्दानीको प्रमुख स्रोत बनाएको सन्दर्भमा कम्तीमा यो संख्यामा उद्योग व्यवसाय क्षेत्रले रोजगारी सिर्जना गरेको देखिन्छ । यद्यपि यो संख्याले औद्योगिक र व्यवसायिक क्षेत्रको विकास निकै कम मात्र भएको संकेत गर्दछ । कुल व्यवसायहरूको करिब ५० प्रतिशत भाडाको घरमा सञ्चालन हुनुले व्यवसायिक जोखिम लिएर उद्यम सञ्चालन गर्न नागरिकहरू तयार भएको अवस्था दर्शाउँछ । उद्यमशील सोचलाई उद्योग व्यवसाय, रोजगारी र स्वरोजगारीमा रुपान्तरण गर्न नगरपालिकाले सहजकर्ताको भूमिका निर्वाह गर्न सक्छ ।

टीकापुर, जिल्लाको दोश्रो ठुलो आर्थिक गतिविधि हुने नगरपालिका पनि हो । यहाँ सञ्चालनमा भएका उद्योग व्यवसायहरूको संख्याले यही पुष्टि गर्दछ । धनगढी उपमहानगरपालिका पछि सबैभन्दा धेरै उद्यम व्यवसायहरू भएको नगरपालिका यही नै हो । केन्द्रीय तथ्याङ्क विभागले गरेको आर्थिक गणना, २०७५ अनुसार जिल्लाका ६ नगरपालिकाहरूमा भएका उद्योग व्यवसायहरूको ३७ प्रतिशत टीकापुर नगर क्षेत्रमा सञ्चालित छन् भने यसले समग्र जिल्लाको १४ प्रतिशत उद्यम व्यवसाय समेट्दछ । सञ्चालनमा

रहेका उद्योग व्यवसायहरूको सबैभन्दा ठूलो संख्या थोक तथा खुद्रा व्यापार (५६ प्रतिशत) को रहेको छ। १३ प्रतिशत उद्योग व्यवसाय उत्पादनसँग सम्बन्धित छन् भने ११ प्रतिशत आवास तथा खाना सेवासँग सम्बन्धित छन्। यस्ता उद्योग व्यवसायहरूको प्रवर्द्धन तथा विकासका माध्यमबाट नगरको आय र रोजगारी वृद्धिमा बढी योगदान पुग्न सक्छ।

**तालिका नं. १ : कैलाली जिल्ला र टीकापुर नगरपालिकामा सञ्चालनमा रहेका उद्योग व्यवसायहरू**

| उद्योग व्यवसायहरूको प्रकार | उद्योग व्यवसायहरूको संख्या | |
|---|---|---|
| | कैलाली जिल्ला | टीकापुर नगरपालिका |
| कृषि तथा वन | २४९ | ३५ (१४) |
| उत्पादन | २३०८ | ३९१ (१७) |
| खनिज, ऊर्जा, निर्माण आदि | ८४ | ६ (७) |
| थोक तथा खुद्रा, मर्मत सम्भार आदि | १२४४० | १७३४ (१४) |
| यातायात, ढुवानी, भण्डारण, सूचना तथा सञ्चार | ८४ | ९ (११) |
| होटल व्यवस्थापन आदि | २९७४ | ३३६ (११) |
| वित्त तथा बिमा | २८५ | ६६ (२३) |
| शिक्षा | ८४६ | १०३ (१२) |
| स्वास्थ्य तथा सामाजिक कार्यहरू | ४४७ | १३२ (३०) |
| घर जग्गा, व्यावसायिक, प्रशासनिक, कला, मनोरन्जन आदि | १८२७ | २९० (१६) |
| **जम्मा** | **२१५४४** | **३१०२ (१४)** |

*स्रोत : राष्ट्रिय आर्थिक सर्वेक्षण, केन्द्रिय तथ्याङ्क विभाग (२०७४)*
*नोट : कोष्ठमा दिइएको अंकले प्रतिशत जनाउँछ।*

## ४. आर्थिक विकासका अवसर तथा चुनौतीहरू

रानी, जमरा, कुलरिया सिँचाइ आयोजना मार्फत टीकापुरका अधिकांश कृषियोग्य जमिन सिञ्चित हुनुका साथै कृषि उत्पादन प्रवर्द्धनका लागि सञ्चालनमा रहेका संघीय र प्रदेशस्तरका कार्यक्रमले टीकापुरको कृषि उत्पादन अभिवृद्धि र कृषिमा व्यवसायीकरणका अवसर सिर्जना गरेको छ। थारु समुदायमा रहेको बडघर संस्कृतिलाई आर्थिक विकासमा सहकारिताको नमुना अभ्यासका अघि बढाउने अवसर नगरपालिकालाई छ। उपलब्ध जमिन तथा स्थानीय अनुभवका आधारमा केरा, आलु तथा तरकारी खेतीको थप विस्तार र व्यवसायीकरण, कृषि तथा वनमा आधारित प्रशोधन उद्योग लगायत घरेलु तथा साना उद्योग प्रवर्द्धनको अवसर टीकापुरमा रहेको छ।

कर्णाली नदी तथा डल्फिन क्षेत्र, टीकापुर पार्क, थारु साँस्कृतिक सम्पदा र सुदूरपश्चिमका कतिपय जिल्लाहरूको संस्कृति, विभिन्न धार्मिक तथा ऐतिहाँसिक क्षेत्र र केराखेतीमा प्राप्त सफलता लगायतका आधारमा प्राकृतिक र पर्या पर्यटन, धार्मिक साँस्कृतिक पर्यटन र कृषि पर्यटनको अधिक सम्भावना रहेकाले पर्यटन क्षेत्रको विकास  नगरपालिकाले निजी क्षेत्रसँग साझेदारी गरी आय र रोजगारी बढाउने अवसर नगरलाई छ।

नेपालगञ्ज र धनगढी जस्ता लुम्बिनी र सुदूरपश्चिम प्रदेशका प्रमुख व्यापारिक केन्द्रसँगको भौगोलिक समदुरी तथा टीकापुरसँगको सडक सञ्जाल मार्फतको आवद्धता सुधारका लागि हुलाकी राजमार्ग लगायत संघीय सरकारबाट कार्यान्वयन भइरहेका पूर्वाधार विकासले गर्ने सहयोगबाट उत्पादन बजारीकरणको थप अवसर सिर्जना गर्नेछ। योजनावद्ध विकासको आफ्नै अनुभवलाई पनि शहरी तथा ग्रामीण क्षेत्रको आर्थिक विकासमा प्रयोगको अवसर नगरलाई छ।

सानो क्षेत्रमा गरिने परम्परागत खेतीको अभ्यासलाई ठूलो क्षेत्रफलमा गरिने चक्लाबन्दी व्यवसायिक कृषिमा रुपान्तरण गर्ने, प्राथमिक उत्पादनको गुणस्तरीयता कायम गर्ने तथा तिनको प्रशोधन उद्योग विस्तारका लागि निजी क्षेत्रको लगानी बढाउने, आर्थिक विकासका लागि आवश्यक पूर्वाधार विकासका लागि लगानी जुटाउने, संघीय अनुदानमा आधारित स्थानीय बजेटलाई स्थानीय आर्थिक विकासको प्राथमिकता अनुसार प्रयोग गर्न सहज नहुने अवस्थामा आन्तरिक आय अभिवृद्धि गरी कमी पूर्ति गर्ने जस्ता चुनौती नगरलाई छ।

टीकापुरको बृहत् सामुदायिक एकताको वास्तविक अवस्थामा भ्रम सिर्जना हुनेगरी भएका दुष्प्रचार चिर्दै टीकापुर शान्त, सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्य तथा उद्योग व्यवसाय सञ्चालनको लागि उपयुक्त

क्षेत्र हुनुको वास्तविकता बारे सम्बद्ध सबैमा जानकारी गराउँदै कृषि, पर्यटन, उद्योग र वाणिज्य क्षेत्रमा लगानी बढाउन अनुकुल वातावरण निर्माण पनि यस नगरको चुनौतीका रुपमा रहेको छ ।

घरेलु, लघु तथा साना उद्यम व्यवसाय गर्न चाहने र गरिरहेका उद्यमीहरूको नगरपालिकासँग उच्च अपेक्षा रहेको हुनाले उपलब्ध स्रोतबाट सम्भाव्य उद्यमीलाई उद्योग व्यवसाय सञ्चालनका लागि प्रेरित गर्नु तथा जग्गा लगायतको व्यवस्थापनमा नगरको अधिकारको सीमितताका बिच मझौला र ठूला उद्योगको सुरुवातका लागि अपेक्षित सहयोग उपलब्ध गराउने चुनौती पनि नगरलाई छ । यस अतिरिक्त सीमित आन्तरिक स्रोतका आधारमा कृषि तथा गैरकृषि क्षेत्रका उद्योग र व्यवसायका लागि व्यवसायिक सहयोग उपलब्ध गराउने गरी संस्थागत र नीतिगत प्रबन्ध गर्ने चुनौती पनि नगरपालिकालाई छ ।

## ५. आर्थिक विकास रणनीतिका क्षेत्र तथा प्रमुख रणनीति


स्थानीय अर्थतन्त्रको सबलीकरण अर्थात् स्थानीय आय र गुणात्मक रोजगारी सिर्जनाका लागि प्राथमिकता दिइनुपर्ने क्षेत्र निर्धारण, आर्थिक सम्भाव्य क्षेत्रबाट अपेक्षित लाभ प्राप्त गर्नका लागि नगरपालिका लगायत सरकारको तर्फबाट निर्वाह गरिनुपर्ने भूमिका, सार्वजनिक, निजी, सहकारी र संघसंस्था बिचको दुई पक्षीय वा बहुपक्षीय साझेदारीका सम्भावना, संघीय सरकारको समन्वयमा वैदेसिक सहायता तथा सार्वजनिक ऋण परिचालनको आवश्यकता, नगरपालिका, प्रदेश र संघीय सरकारको सहलगानीका सम्भाव्य क्षेत्र आदिलाई दृष्टिगत गरी नगरपालिकाले आर्थिक विकास रणनीति तर्जुमा गर्नुपर्ने हुन्छ । यस आधारमा टीकापुरको आर्थिक विकासका लागि प्रमुख रणनीतिक सुझावहरु यसप्रकार छन् ।

१. नवीनतम् प्रविधिको प्रयोग र यान्त्रीकरण मार्फत कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिकीकरण गर्ने ।
२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायहरूको विकास र प्रवर्द्धनलाई प्राथमिकतामा राखी अनुकुल पूर्वाधार, नीतिगत र संस्थागत प्रबन्ध गर्ने ।
३. नगरलाई पर्यटन हबको रुपमा विकास गर्न थारु लगायत स्थानीय संस्कृति, योग तथा प्राकृतिक चिकित्सा, कृषि र पर्या पर्यटन प्रबर्द्धनमा सार्वजनिक निजी, सहकारी र समुदाय साझेदारी गर्ने ।
४. तुलनात्मक लाभका क्षेत्रमा रोजगारी र स्वरोजगारी प्रबर्द्धन गर्ने गरी प्राविधिक शिक्षालय मार्फत सीप विकासका कार्यक्रमलाई प्रभावकारी बनाउने ।
५. लघु उद्यम व्यवसायलाई विपन्न परिवारहरूलाई आयआर्जन र रोजगारीको माध्यम बनाउने गरी नगरपालिकाबाट सहयोग र सहजीकरण गर्ने ।

## ६.आर्थिक विकास रणनीतिका आधार, प्रमुख रणनीतिक उद्देश्य, नीतिगत प्राथमिकता र प्रमुख रणनीतिहरू

टीकापुर नगरपालिकाको आर्थिक विकास रणनीतिको आधार नगर बृहत् योजना २०७७ हो । नगर बृहत् योजनाले अघि सारेका दूरदृष्टि, लक्ष्य, आर्थिक विकास क्षेत्रका क्षेत्रगत उद्देश्य तथा प्राथमिकताको व्यवस्थित कार्यान्वयनमा यो रणनीतिले सहयोग गर्नेछ । आर्थिक विकास रणनीतिको आधार तल प्रस्तुत गरिएको छ ।

**बक्स नं. १ : नगरको दूरदृष्टि, दीर्घकालीन लक्ष्य तथा आर्थिक विकासका प्रमुख क्षेत्र**



नगर बृहत् योजना २०७७ मा आर्थिक विकासका ६ वटा उपक्षेत्र निर्धारण गरि योजना निर्माण गरिएकोमा आर्थिक विकास रणनीति तर्जुमा गर्दा सीप तथा रोजगारी, सहकारी र आर्थिक पूर्वाधारलाई अन्तरसम्बन्धित क्षेत्रका रुपमा लिएर कृषि, उद्योग वाणिज्य र पर्यटनलाई रणनीतिक प्राथमिकताको क्षेत्रका रुपमा अघि सारिएको छ। टीकापुर नगरपालिकाको आर्थिक विकास रणनीतिको प्रमुख उद्देश्य प्रमुख नीतिगत प्राथमिकता क्षेत्रगत उद्देश्य, रणनीतिहरू तथा प्राथमिकता निम्नानुसार तय गरिएको छ।

## ७.१. प्रमुख रणनीतिक उद्देश्य

स्थानीय आय वृद्धि तथा पर्याप्त र आकर्षक रोजगारी सिर्जना गर्न उद्योग व्यवसाय र कृषि क्षेत्रका उत्पादकहरूका लागि तुलनात्मक लाभको अवसरहरू सिर्जना गर्दै टीकापुरलाई उत्पादनशील नगर बनाउने ।

## ७.२. प्रमुख नीतिगत प्राथमिकता

नगरपालिका क्षेत्रभित्र कृषि र गैरकृषि क्षेत्रमा लघु, साना, मझौला र ठूला उद्योगको संख्यात्मक र गुणात्मक विकास तथा कृषि र गैरकृषि क्षेत्रमा लगानीका लागि अनुकुल वातावरण सिर्जना आर्थिक विकास रणनीतिको प्रमुख नीतिगत प्राथमिकता रहेको छ।

रणनीति तयारीको विभिन्न चरणमा भएका सरोकारवाला सम्बाद, अन्तर्वार्ता तथा परामर्शका आधारमा केरा र बेतबाँसलाई टीकापुर नगरपालिकाको मुख्य पहिचानयुक्त उत्पादनका रुपमा अघि बढाउन सकिने देखिएको छ। गहुँ, केरा, आलु, बेतबाँस, उखु, दुध र मासु जस्ता प्राथमिक उत्पादन र यी उत्पादनमा आधारित प्रशोधन उद्योग मार्फत मुल्य अभिवृद्धि हाँसिल गर्नु कृषि र उद्योग क्षेत्रको प्राथमिकता रहने छ भने र स्थानीय उत्पादनको व्यापार र पर्यटन क्षेत्रबाट स्थानीय आय र रोजगारी बिस्तार गर्नु सेवा क्षेत्रको प्राथमिकता रहेको छ।

## ७.३. क्षेत्रगत उद्देश्य, रणनीति तथा प्राथमिकता

टीकापुर नगरपालिकाको आर्थिक विकास रणनीति, २०८१ ले टीकापुरलाई तुलनात्मक लाभ रहने वस्तु तथा सेवामा केन्द्रित रही कृषि तथा पशुपालन, उद्योग वाणिज्य, पर्यटन क्षेत्रको विकासको क्षेत्रगत रणनीति तथा प्राथमिकता निर्धारण गरेको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

### क. कृषि तथा पशुपालन

| कार्यक्रम | कार्यान्वयन रणनीति | प्रगति मापनका सूचकहरू |
|---|---|---|
| **उद्देश्य १ :** कृषिलाई खाद्य तथा पोषण सुरक्षाको आधार र रोजगारमूलक क्षेत्रको रुपमा विकास गर्ने।<br>**उपलब्धी मापनको सूचक** : कृषि उत्पादन, मुल्य अभिवृद्धि र रोजगारीको अवस्था<br>**रणनीति तथा प्राथमिकता** | | |
| १. प्रतिस्पर्धी कृषि उपजहरूको व्यवसायिक उत्पादन, मुल्य अभिवृद्धि र बजारीकरणलाई समन्वयात्मक रुपमा अघि बढाउने | | |
| १. केरा खेतीको व्यवसायीकरण कार्यक्रम<br>२. आलुको बिउ उत्पादन तथा आलु खेती तथा तरकारी खेती प्रबर्द्धन कार्यक्रम<br>३. दुध, माछा र मासुको व्यवसायीक उत्पादन प्रबर्द्धन कार्यक्रम<br>४. धान तथा गहुँको व्यवसायिक उत्पादन | १. केराको व्यवसायिक उत्पादन प्रबर्द्धनका लागि उत्पादनमा आधारित अनुदानको प्रबन्धका साथै बजारीकरणमा उत्पादकसँग साझेदारी र सहयोग गर्ने।<br>२. फलफुल, तरकारी तथा अन्नबालीको व्यवसायीक उत्पादन तथा दुधका लागि | १. सम्बन्धित वस्तुको उत्पादन परिणाम र कुल वार्षिक मुल्य अभिवृद्धि। |

| | | |
|---|---|---|
| ६. बेतबाँस तथा जडिबुटी उत्पादन तथा प्रबर्द्धन<br>७. नदी करिडोर क्षेत्र केन्द्रित उखु खेती | व्यवसायिक भैंसीपालन, तथा माछामासुका लागि बंगुर, बाखा, कालिजको विशेष प्रजाति, माछा तथा कुखुरा पालन गर्न चाहने लगानीकर्ताका लागि जग्गा प्राप्ति तथा एकीकरणका लागि सहजीकरण गर्ने तथा उत्पादन पकेट निर्धारण गर्ने ।<br>३. उखु खेती, अन्नबाली, तरकारी, दुध, माछा तथा मासु उत्पादनमा आधारित अनुदानका साथै ठूला लगानीका कृषि व्यवसायको प्रारम्भिक पुँजी लगानीका आधारमा केही प्रतिशत अनुदान उपलब्ध गराउने तथा सहुलियत कर्जाका लागि सहजीकरण गर्ने ।<br>३. आधुनिक कृषि उपकरण तथा प्रविधि व्यवस्थापनका लागि नगरले उत्पादकसँग लागत साझेदारी गर्ने । | |
| रणनीति २ : कृषि उत्पादन, बजारीकरण र मुल्य अभिवृद्धिका लागि सहयोगी पूर्वाधार विकास गर्ने । | | |
| १. उत्पादन पकेट निर्धारण र पकेट क्षेत्रसम्मको पहुँचमार्ग निर्माण<br>२. गोदामघर तथा शीत भण्डार स्थापना, स्तरोन्नती र व्यवस्थित सञ्चालन ।<br>३. व्यवस्थित सब्जी मण्डी र कृषि हाटको पूर्वाधार विकास ।<br>४. नगरस्तरमा व्यवस्थित दुग्ध चिस्यान केन्द्रको व्यवस्था गर्ने । | १. नगरले पकेट क्षेत्र निर्धारण गर्ने तथा रानी, जमरा, कुलरिया सिँचाइ आयोजना, संघीय र प्रदेश सरकारसँगको समन्वयमा व्यवस्थित कृषि सडकको पूर्वाधार तयार गर्ने ।<br>२. गोदाम घर, शीत भण्डार र चिस्यान केन्द्र स्थापनाका लागि नगरले जग्गाको प्रबन्ध गर्ने, नगर र समुदायको साझेदारीमा पूर्वाधार तयार गरी सहकारी वा निजी क्षेत्रबाट सञ्चालन गर्ने तथा उपलब्ध गोदाम घर तथा चिस्यान केन्द्रको व्यवस्थित सञ्चालन गर्ने ।<br>३. कृषि हाटको पूर्वाधार विकासका कार्य नगरले अन्य निकायसँगको समन्वयमा गर्ने तथा निजी क्षेत्रबाट सञ्चालन गर्ने । | २. उपलब्ध पूर्वाधार र सञ्चालनको अवस्था । |

| | | |
|---|---|---|
| | ४. महिलाले सञ्चालन गर्ने कृषि व्यवसाय सञ्चालनका लागि व्यवसाय योजनाका आधारमा नगरको जमानीमा रु. १० लाख सम्मको महिला कृषि उद्यमी कर्जाका लागि सहजीकरण गर्ने ।<br>५. व्यवसायीक कृषिमा आवद्ध हुनेका लागि तालिम तथा प्राविधिक सहायता निःशुल्क रुपमा उपलब्ध गराउने । | |
| **रणनीति ३ : कृषि व्यवसाय प्रवर्द्धनको अनुकुल नीतिगत र कानुनी प्रबन्ध गर्ने** | | |
| १. उत्पादन पकेट क्षेत्र, व्यवसाय सञ्चालनमा सहजीकरण, सहुलियत तथा सुविधा, कर छुट लगायतका प्रावधान सहितको कृषि उत्पादन प्रबर्द्धन नीति तथा कृषि व्यवसाय ऐनमा आवश्यक संशोधन, ऐन निर्माण गर्ने । | १. आवश्यकता अनुसार विज्ञको सहयोगमा नगरले कृषि व्यवसाय प्रवर्द्धन नीति तथा ऐनमा संशोधनको प्रस्ताव तयार गरी सहभागितामूलक विधिबाट पूर्णता दिई जारी गर्ने । | १. उपलब्ध नीतिगत र कानुनी दस्तावेज । |

ख. उद्योग र वाणिज्य

| कार्यक्रम | कार्यान्वयन रणनीति | प्रगति मापनका सूचकहरू |
|---|---|---|
| **उद्देश्य २ : उद्योग व्यवसाय मार्फत आर्थिक वृद्धिमा योगदान र रोजगारी बढाउने ।**<br>**उपलब्धी मापनको सूचक** : उद्योग व्यवसायले गर्ने वार्षिक मुल्य अभिवृद्धि र रोजगारी सिर्जना ।<br>**प्रमुख रणनीति तथा प्राथमिकता** | | |
| रणनीति १. कृषि उत्पादन लगायत स्थानीय कच्चा पदार्थमा आधारित घरेलु, साना तथा मझौला र ठूला उद्योग विकास गर्ने । | | |
| १. आहारा तथा दाना उत्पादन, राइस मिल लगायत कृषि प्रशोधन उद्योग, केरामा आधारित साना तथा मझौला उद्योगको विकास र प्रबर्द्धन ।<br>२. काठ तथा बेतबाँसमा आधारित घरेलु, साना तथा मझौला उद्योगको विकास ।<br>३. केराको बोट र पातबाट कपडा, स्यानटरी प्याड जस्ता सामग्री, स्थानीय जडिबुटीबाट आयुर्वेदिक तेल उत्पादन, स्थानीय मौलिकता झल्किने भेषभुषा आवरणको उत्पादन, बेतबाँसका सामान तयारी जस्ता स्वरोजगारमूलक घरेलु तथा साना उद्योग प्रबर्द्धन । | १. स्थानीय कच्चा पदार्थ तथा श्रमको प्रयोग गर्ने उद्योगलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने ।<br>२. स्वरोजगारमूलक घरेलु तथा साना उद्योगका लागि सहहुलियत कर्जा प्राप्तिमा सहजीकरण गर्ने ।<br>३. मझौला तथा ठूला उद्योग स्थापनाका लागि जग्गा तथा भवन भाडामा प्राप्त गर्ने प्रक्रियामा सहजीकरण गर्ने तथा त्यस्ता उद्योगसम्म पुग्ने सडक पूर्वाधारका लागि नगरले लगानी गर्ने ।<br>४. पूर्वानुमान योग्य औद्योगिक वातावरण निर्माणका लागि उद्योग व्यवसाय स्थापना र | १. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग संख्या तथा उत्पादन परिमाण र स्थानीय उद्योग व्यवसायमा रोजगार जनसंख्या । |

| | | |
|---|---|---|
| | सञ्चालन तथा विभिन्न सहुलियत, सुविधा तथा नियमनको विधिसहितको स्थानीय उद्योग व्यवसाय ऐन निर्माण र कार्यान्वयन गर्ने ।<br>५. आर्थिक विकास शाखालाई थप क्षमतायुक्त बनाई उद्योग व्यवसाय व्यवसायिक परामर्श नगरपालिकाबाट उपलब्ध हुने व्यवस्था गर्ने । | |
| रणनीति २. कृषि उपज लगायत स्थानीय उत्पादनको बजारीकरणलाई प्राथमिकता प्राप्त व्यवसायका रुपमा विकास गर्न सार्वजनिक, निजी, साझेदारी गर्ने । | | |
| १. स्थानीय कृषि तथा औद्योगिक उत्पादनको बिक्री वितरण गर्ने व्यवसाय प्रबर्द्धन कार्यक्रम । | १. महिला उद्यमीहरुबाट स्थानीय उत्पादन बिक्री वितरण गर्ने कोशेली घरको सञ्चालनमा सहयोग र सहजीकरण<br>२. स्थानीय कृषि तथा औद्योगिक उत्पादनको व्यापार गर्ने अनलाइन स्टोरहरुको प्रबर्द्धन ।<br>३. स्थानीय औद्योगिक र कृषि उत्पादन बिक्रीका लागि सन्ध्याकालीन बजार तथा कृषि हाट बजार, थोक तथा खुद्रा बजारको पूर्वाधार विकास गर्ने । | १. स्थानीय उत्पादनको बिक्री वितरणमा संलग्न व्यवसाय तथा रोजगारीको अवस्था । |

**ग. पर्यटन**

| कार्यक्रम | कार्यान्वयन रणनीति | प्रगति मापनका सूचकहरू |
|---|---|---|
| **उद्देश्य ३ :** पर्यटनलाई नगरपालिकाको आर्थिक विकासको आधार बनाउने ।<br>**उपलब्धी मापनको सूचक :** वार्षिक आन्तरिक पर्यटक आगमन र पर्यटकको बसाई अवधि र औसत खर्च ।<br>**प्रमुख रणनीति तथा प्राथमिकता :** | | |
| रणनीति १. पर्यटकीय गन्तव्य तथा सम्भावनाको सूचीकरण, वर्गीकरण र प्रबर्द्धन गर्ने | | |
| १. टीकापुर पार्क, डल्फिन क्षेत्र लगायत प्राकृतिक दृश्यावलोकन वा पर्या पर्यटन प्रबर्द्धन ।<br>२. केरा खेती तथा रानी, जमरा कुलरिया सिँचाइ आयोजना क्षेत्रका विभिन्न उत्पादनमा आधारित कृषि पर्यटन प्रबर्द्धन ।<br>३. स्थानीय संस्कृति, खाना तथा भेषभुषा सहित ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक पर्यटन प्रबर्द्धन । | १. टीकापुरका पर्यटकीय सम्भावनाका सन्दर्भमा नगर तथा निजी क्षेत्रबाट प्रबर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।<br>२. टीकापुर भित्रको वा साँस्कृतिक विविधताका बिच विगतदेखि रही आएको बृहत् सामुदायिक एकताको सन्देश प्रवाह गर्न नगरपालिका, निजी क्षेत्र र राजनीतिक दल र आमसञ्चारका माध्यमबाट सामुहिक पहल गर्ने । | १. विभिन्न पर्यटकीय गन्तव्य तथा क्षेत्रको विशेषता सहितको प्रबर्द्धन सामग्री तथा प्रबर्द्धनात्मक कार्यमा समेटिएको क्षेत्र र जनसंख्याको विवरण । |

| | | |
|---|---|---|
| ४. कर्णाली नदीमा आधारित र्‍याफ्टिङ, जल खेल, मनोरञ्जन तथा पर्यटन ।<br>५. स्वास्थ्य पर्यटन (योग, आयुर्वेद तथा प्राकृतिक चिकित्सा) | | |
| रणनीति २ : आन्तरिक र बाह्य पर्यटक आगमन संख्या, बसाई दिन र खर्च बढाउने गरी पूर्वाधार विकास, सेवा विस्तार र गन्तव्यहरुको बिचको अन्तरआवद्धता प्रबर्द्धन । | | |
| १. टीकापुर पार्कसहित टीकापुरका प्रमुख पर्यटकीय गन्तव्यलाई नगर केन्द्रबाट आबद्ध गर्नेगरी पर्यटकीय स्थलसम्मको यातायात पूर्वाधार विकास र पर्यटकीय गन्तव्यसँगको सहज पहुँच सुनिश्चित गर्न चक्रपथ विकास र सिटी बसपार्क सञ्चालन ।<br>२. कर्णाली नदी र पद्म प्रकाशेश्वर महादेव मन्दिर सहितको एकीकृत धार्मिक पर्यटन प्रबर्द्धन तथा कर्णालीमा विच विकास गरी विच भलिबल र अन्य मनोरञ्जनात्मक गतिविधिको सुरुवात गर्ने ।<br>३. मनोविनोदको क्रियाकलाप प्रबर्द्धन गर्न शहरोन्मुख क्षेत्रमा सडक, खुला क्षेत्र, आवासीय क्षेत्रहरूको एकीकृत विकास गर्ने । वडा नं. १ का सबै खुला क्षेत्रलाई पार्कका रुपमा विकास गर्ने ।<br>४. पुरातात्विक पक्षको पूर्ण पालना गरी पद्म प्रकाशेश्वर महादेव मन्दिरको बाह्य क्षेत्रको भौतिक विकास र सौन्दर्यीकरण ।<br>५. टीकापुर पार्क क्षेत्र नजिकै गुणस्तरीय होटल लगायतका पर्यटकीय सेवाको उपलब्धता।<br>६. डल्फिन क्षेत्रको संरक्षण र विकास । | १. पर्यटकीय पूर्वाधार विकासका लागि छिमेकी स्थानीय तहसँगको सहकार्य तथा प्रदेश र संघीय सरकारबाट समेत सहयोगलाई प्राथमिकतामा राख्ने ।<br>२. होटल, रिसोर्ट तथा अन्य पर्यटक सेवा उपलब्ध गराउन चाहने ठूला लागनीकर्ताका लागि जग्गा प्राप्ति, दर्ता तथा सञ्चालन प्रक्रिया आदिमा नगरको तर्फबाट सहजीकरण गर्ने ।<br>३. खुला क्षेत्र तथा स-साना पार्क विकास, संरक्षण र सञ्चालनका लागि नगरपालिकाले सम्बन्धित वडा र समुदायका बिच साझेदारीका विकल्प कार्यान्वयन गर्ने ।<br>३. नदी क्षेत्रमा पर्यटकीय स्थल विकास गर्दा त्यसबाट डल्फिन लगायत जीवजन्तुमा नकारात्मक प्रभाव पर्न नदिने गरी उपयुक्त विधि अवलम्बन गर्ने र सार्वजनिक, निजी, साझेदारीका विकल्प अघि बढाउने । | १. उपलब्ध पर्यटकीय पूर्वाधार र उपलब्ध सेवा तथा तिनको उपयोग गरेका आन्तरिक र बाह्य पर्यटक संख्या, बसाई दिन र खर्च ।<br>२. सार्वजनिक र निजी क्षेत्रबाट निर्माण तथा सञ्चालन गरिएका पर्यटकीय पूर्वाधार र सेवाको विवरण । |

## ८. समन्वय र सहकार्य

माथि प्रस्तावित रणनीतिहरू र सो को प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ । त्यसै प्रयोजनको लागि सम्भाव्य केही सरोकारवाला निकायहरू पहिचान गरी तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ : समन्वय र सहकार्यका लागि सम्भाव्य सरोकारवाला निकायहरू**

| संघ संस्थाहरू | स्थानीय | जिल्ला | प्रदेश | संघ |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. स्थानीय सरकार | √ | | | |
| २. प्रदेश सरकार | | | √ | |
| ३. संघीय सरकार | | | | √ |
| ४. सहकारी संस्था/विशिष्टिकृत सहकारी संघहरू | √ | √ | √ | |
| ५. दातृ निकायबाट सञ्चालित परियोजनाहरू | √ | | | |
| ६. कृषि ज्ञान केन्द्र | √ | | | |
| ७. पशु सेवा केन्द्र | √ | | | |
| ८. उद्योग वाणिज्य संघहरू | | √ | | |
| ९. घरेलु उद्योग विकास कार्यालय | | √ | | |
| १०. विषयगत मन्त्रालय (प्रदेश) | | | √ | |
| ११. पर्यटन बोर्ड | | | | √ |
| १२. सम्बन्धित अन्य मन्त्रालय (संघ/प्रदेश) | | | | √ |
| १३. बैंक तथा वित्तीय संस्थाहरू | √ | √ | √ | √ |
| १४. रानी, जमारा, कुलरिया सिँचाइ आयोजना | √ | √ | | |
| १५. टीकापुर बहुप्राविधिक शिक्षालय (पोलिटेक्निक) | √ | √ | | |
| १६. वन उपभोक्ता समितिहरू | √ | | | |
| १७. गैह्र सरकारी संघ संस्थाहरू | √ | √ | √ | |
| १८. दातृ निकाय | | | | √ |

## ९. अपेक्षित उपलब्धी

यो रणनीति कार्यान्वयनबाट आ.व. २०८६/८७ सम्ममा निम्नानुसार अपेक्षित उपलब्धी प्राप्त हुनेछ ।

| सूचक | आधार वर्ष | आ.व. २०८६/८७ |
|---|---|---|
| उद्योग व्यवसायलाई आम्दानीको प्रमुख स्रोत बनाउने परिवार (प्रतिशत) | १० | २० |
| अनुमानित बेरोजगारी दर (प्रतिशत) | १५ | १० |
| दर्ता भई सञ्चालनमा रहेका उद्योग व्यवसाय संख्या | | १५०० |
| औसत वार्षिक पर्यटक आगमन संख्या | १५२,८२९ | १७५,२०० |
| व्यवसायिक कृषि तथा पशु फर्म संख्या | | ६०० |
| कृषि तथा पशु फर्ममा प्रति फर्म औसत रोजगारी | | ५ |
| बाह्य रोजगारीबाट फर्किएर उद्यम व्यवसायमा आवद्ध व्यक्ति | | २०० |
| सार्वजनिक, निजी, साझेदारीमा सञ्चालित आर्थिक पूर्वाधार आयोजना संख्या | | २ |
| नगरपालिका क्षेत्रमा सञ्चालन हुने वेतबाँसमा आधारित उद्योग | १ | ४ |
| केरामा आधारित साना तथा मझौला उद्योग | | १० |
| १ करोड माथि लगानी भएका धान, गहुँ लगायतका खाद्य प्रशोधन उद्योग | | १० |
| पर्यटकस्तरका होटल | १ | ५ |